रातो खबर अब www.eratokhabar.com मा पनि पढ्न सकिन्छ ।

# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ३, अङ्क ४, पूर्णाङ्क ९९ | २०७४ असार १४ गते बुधबार | Wednesday, 28 June 2017 | www.eratokhabar.com | मूल्य रु. १०



दक्षिण चीन सागरमा जापान र अमेरिकाको प्राधिकार सम्भव छैन

– टिन हुक्सुङ

अन्तर्वार्ता

पृष्ठ ३

## सडेका औषधी बेच्दै रामदेव



योग र धर्मको आडमा ठूलो बहुराष्ट्रिय निगम चलाउँदै आएका भारतीय व्यापारी रामदेवको कर्तूत छताछुल्ल भएको छ । असार ७ गते औषधी बजारको अनुगमन, नियन्त्रण र कार्यान्वयन गराउने औषधी व्यवस्था विभाग (DDA) ले रामदेवद्वारा बिक्री गरिंदै आएका ६ प्रकारका औषधीहरू प्रयोग गर्न नमिल्ने स्तरहीन भन्दै बजारबाट फिर्ता लग्न निर्देशन दिएको हो । दिव्य फार्मेसी, उत्तराखण्डबाट उत्पादित भई पतञ्जली आयुर्वेद केन्द्रबाट बिक्री वितरण हुँदै आएका ६ प्रकारका औषधीहरू आवला चूर्ण, दिव्य गैसहर चूर्ण, त्रिफला चूर्ण, अश्वगन्धा चूर्ण र आदिव्य चूर्ण माइक्रोबियल परीक्षणमा गुणस्तरहीन प्रमाणित भएका थिए । डीडीएले ती औषधी प्रयोगका लागि बिक्री नगर्न, सेवनका लागि सिफारिस नगर्न-नगराउन जानकारी गराएको

... बाँकी पृष्ठ ७ मा

# चुनावभन्दा रोपाईंको रौनक



पहिलो चरणको चुनावको तुलनामा दोस्रो चरणको चुनावले आम मतदातालाई अझ विकर्षण गरेको छ । संसदीय राजनीतिलाई आफ्नो आदर्श बनाएका घरानाका संचार र बहुराष्ट्रिय निगमको चारामा बाँचेकाहरूले नै 'चुनावमा भन्दा रोपाईंमा व्यस्त' भन्ने प्रकृतिका समाचार संप्रेषण गर्न वाध्य भए । संसदीय व्यवस्थाको स्थानीय तहको दोस्रो चरणको चुनाव घोषणा भएलगत्तै सो चुनावको विपक्षमा खारेजी अभियान चलाइरहेको नेकपाले सो अभियानलाई अझै सशक्त बनायो । चुनाव बहिष्कारको क्रममा नागरिकको ज्यानसमेत गइसकेको, दर्जनौं घाइते भएको र करोडौंको सम्पत्तिमा क्षति पुगेको छ । त्यसप्रकारका घटनाहरूलाई आधार बनाएर सरकारले नेकपाका सयौं नेता-कार्यकर्ताहरूलाई गिरफ्तार गरेको छ । त्यसमध्ये कयौंलाई झुठा मुद्दा लगाएको छ । आशंकाकै भरमा वा नेकपाप्रति समर्थन गरेकै भरमा सामान्य समर्थक र जनताको ठूलो पङ्क्तिलाई गिरफ्तार गरेर हिरासतमा राखिएको छ ।

अर्कोतिर मधेसकेन्द्रित दल राजपा दोस्रो चरणको चुनावमा सहभागी भएन । उसलाई फुटाउन गलाउन र कमजोर पार्न सफल भए पनि सरकारले मधेसको असन्तुष्ट पक्षलाई चुनावमा ल्याउन सकेन । संसदीय व्यवस्थाभित्रकै शक्तिलाई समेत अलग थलग गरेर-पारेर भएको चुनावले जनतालाई थप निराशा र आक्रोशित बनाएको छ । यो निराशा र आक्रोश कुनै पनि समय विद्रोहका रूपमा सल्कन सक्ने समाज विज्ञानका

... बाँकी पृष्ठ ७ मा

## अखिल (क्रान्तिकारी) को शैक्षिक हडताल

■ अम्बिका चन्द
काठमाडौं



अखिल (क्रान्तिकारी) ले आह्वान गरेको शैक्षिक हडतालका कारण मंगलबार उपत्यकाका निजी तथा आवासीय विद्यालयहरूको पठन-पाठन ठप्प भएको छ । नयाँ शैक्षिक सत्रको सुरुआतसँगै निजी विद्यालयहरूले अत्यधिक शुल्क बढाएको भन्दै विरोधस्वरूप क्रान्तिकारीले एकदिने उपत्यकाव्यापी शैक्षिक हडतालको घोषणा गरेको हो । गरिबका छोराछोरीको ढाड सेकिने गरी शुल्क बढाएको भन्दै शैक्षिक हडताल गरेको क्रान्तिकारीले प्रमुख विद्यार्थी संगठन र सरकारबीच जेठ १५ मा भएको सहमति लागू हुनुपर्ने माग गर्दै आएको केन्द्रीय सचिव

... बाँकी पृष्ठ ७ मा

## अराजक यातायात प्रणाली / निरीह महानगर

■ रातो खबर संवाददाता / काठमाडौं




मध्यम तथा लामो दूरीको यातायात प्रणालीलाई व्यवस्थित गर्ने यात्रुहरूको यात्रालाई सहज र भरपर्दो सेवा प्रदान गर्ने, महानगरको राजश्व वृद्धि गर्ने, ट्राफिक जाम घटाउनेजस्ता उद्देश्य लिएर २०५१ काठमाडौं महानगरपालिकाले रत्नपार्कस्थित बसपार्कलाई छोटो दूरीको बसपार्क (चार भञ्ज्याङभित्र) बनाएर गंगबु बसपार्क बनाएको थियो । यातायात व्यवस्था प्रणालीमा गुणस्तरीय सेवा प्रदान गर्ने र गोंगबु बसपार्कलाई अझ व्यवस्थित मर्यादित र भरपर्दो सेवा प्रदान गर्न भनी २०५६ मा ठेक्का खोलेपछि सो बसपार्क ल्होत्से बहुउद्देश्यीय प्रालिले हात पारेको थियो । ४५ वर्षका लागि वार्षिक ५ प्रतिशत ठेक्का रकम बढ्नेगरी १६१ रोपनीमा फैलिएको सो बसपार्क ठेक्कामा दिइएको छ । गतवर्ष


... बाँकी पृष्ठ ७ मा

## चुनाव विरुद्ध देशव्यापी जनकार्वाही तीव्र, दर्जनौं ठाउँमा बम विष्फोट, सयौं पक्राउ


इन्दिरा मिश्र 'रचना'


विरबहादुर घलान 'ज्वाला'


लक्ष्मी तामाङ 'ज्ञानु'


सुमनसिंह पौडेल


विपी उपाध्याय

■ अम्बिका चन्द / काठमाडौं


स्थानीय निकायको निर्वाचन बहिस्कार तथा खारेजी अभियानमा रहेकाहरूले देशव्यापी रूपमा राज्यलाई चेतावनीस्वरूप जनकार्वाहीहरू सम्पन्न गरेका छन् र बम विष्फोटहरू गराएका छन्; जसबाट देशभरि दुई दर्जनभन्दा बढी व्यक्ति घाइते भएका छन् । निर्वाचनको मुखैमा कपिलवस्तुमा ९ जना घाइते हुनेगरी बम विष्फोट भएको घटना सेलाउन नपाउँदै पूर्व-पश्चिम राजमार्गअन्तर्गत नवलपरासीको सुनवल-३, सोमनाथ पुलमा शक्तिशाली बम विष्फोट भयो । विष्फोटमा परी माओवादी केन्द्रका ५ कार्यकर्ता घाइते भए । कांग्रेस, एमाले र माओवादी गरी तीन ठूला दलको चुनावी ऱ्याली भइरहेको बेला उक्त विष्फोट भएको थियो । तीन दलले छुट्टाछुट्टै चुनावी ऱ्याली निकालेको बेला माओवादी कार्यकर्ता चढेको बस लक्षित विष्फोट भएको प्रहरीले जनाएको छ । आइतबार दिउँसो ३ बजेतिर गराइएको बम विष्फोटनपछि सुनवल क्षेत्रको जनजीवन निकै त्रसित बनेको थियो भने केहीबेर पूर्व-पश्चिम राजमार्गसमेत अवरुद्ध भएको थियो । दिउँसो बम विष्फोटको घटना भएपछि प्रहरीले राती सुनवल क्षेत्रमा अप्रेसन गरेको छ । जिल्लाको मध्यविन्दुबाट पुस्तक पसले दुर्गा बस्याललाई पक्राउ गरेको छ । भुमही सहकारी चोकमा रहेको

... बाँकी पृष्ठ ७ मा

## चुनाव खारेजी अभियान र थबाङ

देश/परिवेश

■ विप्लव



असार ४ गते थबाङमा स्वतन्त्र उम्मेदवारले नाम दर्ता गराएपछि एकथरी मान्छेहरू हाम्रो पार्टीविरुद्ध चुनाव र थबाङको लौरो लिएर कुट्न आइपुगे, जता-जता कुट्दा चोट पर्छ, उतै लौरो उज्याए । दुई महिनादेखि चलेको खारेज अभियान, कालिकोटको चुनाव खारेजी र गोली काण्ड, मुगुको बुथकब्जा, देशभरि चलेको संघर्ष, सयौं नेता कार्यकर्ताको गिरफ्तारीबारे मुखमा ताल्चा मारेर बस्ने मान्छेहरू नै थबाङको विषयमा आठ रेक्टरको हल्ला फैलाउँदै कुदेका छन् । उनीहरूले भने नेकपा पनि चुनावमा होमियो, जित्ने ठाउँमा छोडेन, कांग्रेस वर्ग दुश्मनसँग तालमेल गऱ्यो, जनताले चुनाव रोजे ।'

चुनावबारे हाम्रो स्पष्ट धारणा छ, यो क्रान्तिमाथि प्रतिक्रान्ति हावी हुँदै आएको प्रतिक्रियावादी संसदीय व्यवस्थाको चुनाव हो । यसलाई खारेज गर्नुपर्छ भनेरै पार्टी खारेज अभियानमा बढिरहेको छ । पार्टीको यो आम र सर्वत्र एकरूपतामा लागू हुने नीति हो । यो नीतिमा कुनै स्थान विशेषको व्याख्या र अर्थ छैन, हुँदैन र हुन पनि सक्दैन । पार्टीले चुनाव खारेजबारे द्वैत नीति (कतै पूरै खारेज त कतै मत नदिने खारेज हुन सक्छ) बनाउन सक्दैन र बनाएको छैन । राजनीति बुझ्ने जोसुकैले जानेको विषय हो कि कम्तीमा प्रचण्ड, बाबुरामहरूले गरेको आत्मसमर्पण, विसर्जन र प्रतिक्रियावादीहरूले कांग्रेसको नेतृत्वमा लादेको संसदीय व्यवस्थालाई अस्वीकार गर्ने शक्तिले यो चुनावलाई स्वीकार्ने सवाल नै छैन् । ऊ आफ्नो जनवादी र वैज्ञानिक समाजवादी सत्ता निर्माणको लक्ष्यमा अगाडि बढ्नेछ ।

नेकपाले चुनावको मामिलाई बार्गेनिङ, दबाब, नाफा घाटा, भोट हाल्ने नहाल्ने विषय बनाएको छैन । यो दलालसँगको लडाइँ हो । यो राज्यसत्तासँगको लडाइँ हो र नयाँ-नयाँ प्रकृयासहित यो अगाडि बढनेछ । यसमा को नेता आउँछ, को आउँदैन, को पार्टी आउँछ, कसले भोट हाल्यो, कसले हालेन, कसले जित्छ र कसले हार्छ भन्ने विषयसँग मात्र सम्बन्धित छैन । नबुझ्नेकोलाई बुझाउने हो, नजानेकोलाई सिकाउने हो, जान चाहनेलाई लिएर जाने हो तर दलाल संसदीय व्यवस्था जनताको हितमा छैन भन्ने सच्चाइ पकडेर यसलाई मिल्काउने र जनताको सत्ता निर्माण गर्ने क्रान्तिमा अगाडि बढ्ने हो । यो क्रान्तिकारीको आफ्नो सोच र दृष्टिकोण हो । जब हाम्रो यो विचार जनता, श्रमिक वर्ग र देशको

... बाँकी पृष्ठ ७ मा

## सम्पादकीय

### अदूरदर्शी सरकारी निर्णय

देउवा-दाहाल गठबन्धन सरकारले पटक-पटक सारेर असार १४ गतेका लागि दोस्रो चरणको स्थानीय तहको चुनाव घोषणा गरेको थियो । राजपालाई चुनावमा ल्याउन र २ नं. प्रदेशमा चुनावी वातावरण सहज पार्न सो घोषणा गरिएको थियो । सरकारले न राजपालाई चुनावमा ल्याउन सक्यो, न त २ नं. प्रदेशमा चुनाव नै गराउन सक्यो । बरु देशको निश्चित भू-भाग विदेशीको प्रभाव क्षेत्र हो भन्ने भाव सम्प्रेषण गऱ्यो । यो निकै खतरनाक मनोविज्ञान स्थापित भएको छ । त्यसबाट सरकार र गठबन्धन दलहरू कताबाट र कुन शक्तिकेन्द्रबाट परिचालित भएका छन् अनि उनीहरूले देशलाई कता धकेल्दैछन् ? भन्ने प्रश्न उठेको छ ।

आज असार १४ गते हो । भोलि अर्थात् असार १५ गते हिन्दु धर्मालम्बी किसानहरूको महत्वपूर्ण चाड पनि हो । असार १५ लाई किसानको उत्सवको दिन पनि मानिन्छ । त्यसै दिनमा चुनाव थोपरेर सरकारले किसानलाई मनोवैज्ञानिक दबाब मात्र दिएको छैन, अपमानितसमेत गरेको छ । १४ गतेको चुनावी व्यस्तताले १५ गते मुरी उब्जाउन र पर्व मनाउनसमेत समस्या हुने भएको छ । सरकारले मुस्लिम समुदायको चाड परेको भन्दै चुनावको मिति पछाडि सार्दा हिन्दु धार्मिक समुदायको चाड पर्ने कुरामा ख्याल गरेन वा गर्न चाहेन । त्यसप्रकारको निर्णय गर्दा समग्र विषय र परिस्थितिप्रति हेक्का राख्नुपर्छ । एकातिर टाल्दा अर्कोतिर भ्वाङ पार्ने सरकारी शैली आलोच्य छ ।


## प्रकाशित भयो




आफनो प्रति सुरक्षित राख्नुहोस् ।


### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# चुनाव खारेजी अभियान र हिरासत



कृष्णप्रसाद वाग्ले 'रुपेश'

दलाल संसदीय व्यवस्थाको खारेजी गर्दै जनताको जनसत्ता अर्थात वैज्ञानिक समाजवादको निम्ति एकीकृत जनक्रान्तिको कार्यदिशाको कार्यान्वयनको क्रममा दलाल संसदीय सत्ताले घोषणा गरेको चुनावको पूर्व सन्ध्यामा पार्टीको एकीकृत जनजागरण तथा प्रतिरोध अभियान गाउँतहसम्म सभा, भेटघाट, अन्तरक्रिया, प्रचार, भण्डाफोर हुँदै अघि बढ्यो । त्यसैको उत्कर्षमा कास्कीमा वैशाख ९ गते प्रतिरोध सभासमेत भव्यताकासाथ सम्पन्न गर्दै अभियानकर्मीहरू कथित स्थानीय चुनाव खारेज अभियानमा केन्द्रित भयो । जनताको आवाजलाई खाली बन्दुकको मोहरीले दबाउने आचरण रहेको नेपालका संसद्वादीहरूले आफूले बनाएको कथित गणतन्त्रको संविधान २०७२ ले दिएको मौलिक हक, राजनीति एवम् वैचारिक स्वतन्त्रताको हक, प्रचार र अभिव्यक्ति स्वतन्त्रताको हकमा बन्देज लगाउँदै शान्तिपूर्ण संघर्ष र कार्यक्रममा सक्रिय नेपाल कम्युनिस्ट पार्टीका नेता, कार्यकर्ता र शुभचिन्तक एवम् समर्थक जनतासम्मलाई विनाकारण विनापूर्जी संगठनको कामको सिलसिलामा बाटो हिँडिरहेको समय, घरमा बसिरहेको समय, मध्यरातमा सुतिरहेको समयमा गिरफ्तार गर्ने कार्य गरी आफ्नो फासिवादी चेहरा उदांगो पाऱ्यो । हुन त प्रतिक्रियावादी शासकहरू जहिले पनि जनतालाई अधिकार र परिवर्तनको बाटो हिँड्न दिदैनन् र उनीहरू भन्ने गर्दछन् कि गर्न त गर तर हाम्रै राजनीति गर अधिकार र परिवर्तनको कुरा नगर भन्ने नियती भएरै होला, नेपालका एक प्रगतिशील साहित्यकार एवम् पत्रकार कृष्ण सेन 'इच्छुक' ले कवितामा यसरी भनेको थिए- हिँड्न त हिँड तर त्यो बाटो नहिँड, गाऊ न त गाऊ तर त्यो गीत नगाऊ । यसको मतलब उनीहरूको पुरानो जनविरोधी सत्तालाई दख्खल पुग्ने राजनीति गर्न नहुने, गीत गाउन नहुने, कविता र साहित्य लेख्न नहुने र नपाइने, उत्पीडन र दासता स्वीकार गर्दै बन्धनमा रहनुपर्ने ठान्दछन् । प्रतिक्रियावादीहरूले भनेजस्तै आज पूराना संसद्वादी र नयाँ संसद्वादी दलालहरू त्यही फासिवादी चरित्र प्रदर्शन गर्दैछन्, जो केही वर्षअघि संसदीय व्यवस्थाको खारेज गर्न विद्रोहको नेतृत्व गरेका प्रचण्डको टाउकाको मोल तोक्ने शेरबहादुर देउवा र टाउकाको मोल तोकिएका प्रचण्ड गठबन्धनको दलाल सरकारले गरेको झुट्टा मुद्दा, गिरफ्तारी, हिरासतबारे सामान्य विषय प्रवेश यो लेखमा गर्न खोजिएको छ । जुन संघर्षमा सामेलहरूका निम्ति शिक्षाप्रद एवम् जानकारीमूलक हुनेछ ।

### गिरफ्तारी रिहाइ र अभिनन्दन

**वैशाख २२ गते** शार्दीखोला कास्कीबाट चुनाव खारेजी अभियानमा सक्रिय गाउँ समिति सेक्रेटरी युवराज बास्तोला, तेजबहादुर केसी र मनबहादुर तामाङलारुई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा राखेकोमा २५ दिनको हिरासत बसाइपछि असार ११ गतेको सामान्य तारेखमा जेठ १३ गते एक-एक हजार धरौटीमा रिहा भए ।

**वैशाख २४ गते** लेखनाथको खुदीखोलाबाट प्रचारात्मक काममा सक्रिय भएको अवस्थामा पार्टीका दिव्य गोगई तमु, राम बराल र मजदुर राजकुमार सुनारलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा केही दिन राखी राजकुमार सुनारलाई डाँडाको नाक प्रहरी चौकीमा र रामजी बराल तथा दिव्य गोगै तमुलाई धरौटीमा रिहा गरेको थियो ।

**वैशाख २४ गते** शार्दीखोला कास्कीबाट एकाबिहानै चुनाव विरोधी गतिविधिमा संलग्न भएको झुट्ठा आरोपमा आ-आफ्नै घरबाट खुसीमान परियार, बहुदल तामाङ र चित्रबहादुर तमुलाई गिरफ्तारपछि जिल्ला प्रहरी कार्यालय कास्कीमा २५ दिन लामो हिरासतमा राखेपछि जेठ १५ गते असार १३ गतेको सामान्य तारेखमा धरौटीमा रिहा गरेको थियो ।

**वैशाख २९ गते** पोखराको लेकसाइडको एक होटलमा रहेका पार्टीका कार्यकर्ताहरू टीकाराम घिमिरे र पूर्णबहादुर राउतलाई होटलका मालिकले सुराक दिएलगत्तै सेल्टरमा रहेका ३ जनामध्ये एकजना उम्कन सफल भए भने अरू दुवैलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय कास्कीमा १ दिन राखेपछि वडा प्रहरी कार्यालय, बगर कास्कीमा सरुवा गरेको थियो । त्यस चौकीमा केहीदिनको हिरासतपछि जेठ १८ गते दुई-दुई हजार रुपियाँ धरौटीमा जिल्ला प्रशासन कार्यालय कास्कीले असार १६ गतेको सामान्य तारेखमा हिरासतमुक्त गरेको थियो ।

**वैशाख २८ गते** देउराली गाविसको देउराली भञ्ज्याङबाट रातको १२:०० बजेको समयमा गिरफ्तार गरेपछि जिल्ला प्रहरी कार्यालय कास्की हुँदै बगर चौकीको २५ दिन लामो हिरासत बसाइपछि जेठ १८ गते एक-एक हजार धरौटीमा रिहा हुनुभएको थियो । जुन दिन अन्य सातजना राजनीतिक बन्दीहरूलाई भने जिल्ला प्रशासन कार्यालय कास्कीको हाताबाटै पुनः गिरफ्तार गरिएको थियो ।

**वैशाख २४ गते** करीब ४.३० बजे राजनीतिक अभियानबाट फर्कनेक्रममा नेपाली कांग्रेसको स्थानीय कार्यकर्ताको सुराकको आधारमा यात्रुबस रोकी कास्कीको लुम्लेबाट विद्यार्थी नेताहरू मिलन राई, काजी तमु, दिलबहादुर तामाङ, सुनिल कुमाल, शिव क्षेत्री र प्रवल भण्डारीलाई भने कास्कीको नयाँपुलबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय कास्कीमा वैशाख ३० गतेसम्म राखियो भने ३१ गतेदेखि वडा प्रहरी कार्यालय रामबजारमा राखेकोमा जेठ १८ गते जिल्ला प्रशासन कार्यालय कास्कीमा जनही एकहजार धरौटीमा रिहासँगै पुनः गिरफ्तार गरिएको थियो । उनीहरूलाई गैरकानुनी थुनामा राखिएको भन्दै पीडितका आफन्तहरूले उच्च अदालत पोखरामा बन्दी प्रत्यक्षीकरणको मुद्दा हालेकोमा सो अदालतले गैरकानुनी थुना भन्दै गिरफ्तारीमा परेका राजनीतिक बन्दीलाई रिहा गर्न आदेश दिएको थियो । अदालातको आदेशबमोजिम उहाँहरू जेठ २३ गते स-सम्मान रिहा हुनुभएको थियो ।

**वैशाख २६ गते** साँझ करिब ६:०० बजे पोखराको छोरेपाटनबाट पक्राउ गरिएका नेपाल कम्युनिस्ट पार्टी कास्कीका सेक्रेटरी नन्दप्रसाद तिवारी 'जगन' लाई जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा राखेपछि जेठ २१ गते दैनिक तारेखमा पाँचसय रुपियाँ धरौटीमा रिहा गरेको थियो ।

**जेठ २ गते** पृथ्वीचोक (लखनचोक) कास्कीबाट पार्टीका जिल्ला सदस्य भोजराज त्रिपाठीसहित १५ जनालाई राजनीतिक कार्यक्रममा जानको लागि जुट्दै गर्दा एक्कासी प्रहरीको भ्यानले घेराहालेर सबैलाई गिरफ्तार गरी बैदाम प्रहरी चौकी लगेको थियो । सो चौकीबाट राती करिब ९:०० बजेको समय ९ जना महिला पार्टीका समर्थक एवम् शुभचिन्तक जनतालाई छाडेको थियो भने बाँकी ५ जना भोजराज त्रिपाठी, मीनबहादुर परियार, प्रेमराज मर्साङी, कलम विक, गीरबहादुर विक, अमृत बस्याललाई भने सार्वजनिक अपराधको मुद्दामा फसाउँदै भोलिपल्ट नै डाडाँको नाट प्रहरी चौकीमा वैशाख २२ गतेसम्म हिरासतमा राखी जेठ २३ गते जनही ५ सयका दरले धरौटीमा असार २२ गतेको सामान्य तारेखमा रिहा गरेको थियो ।

विभिन्न समयमा राज्यद्वारा गिरफ्तारीमा परि हिरासतका केही दिन बिताउँदै पुनः जनताका बीचमा आइपुगेका नेता, कार्यकर्तालगायतलाई कास्कीमा एक कार्यक्रमका बीच जनसमुदायको उपस्थितिमा अभिनन्दन तथा सम्मान कार्यक्रम गरिएको थियो । कार्यक्रममा सबैले संक्षिप्तमा आफ्नो गिरफ्तारी र हिरास बसाइको भोगाइ र अनुभव एवम् आफ्नो संघर्षप्रतिको स्पिरिट राख्नुभयो, जसमा हिरासत बस्ने योद्धाहरूको बेजोड एकता, अठोट र संघर्षप्रतिको प्रतिबद्धता भित्रैदेखि पोखिएको थियो भने पार्टीका नेतृत्वले विशेष धन्यवादसहित आगामी संघर्षमा थप चनाखो हुदै निरन्तर क्रियाशील हुन अभिप्रेरित गर्नुभएको थियो । अभिनन्दन कार्यक्रममा एउटा फरक क्षण पनि अनुभव गर्ने मौका मिलेको थियो जहाँ जनताको आवाज, एकता र संघर्षबाट आतंकित सत्ताले कार्यक्रम असफल पार्न भनी केही सुरक्षा फोर्सलाई सिभिलमा पठाएको रहेछ । उनीहरूको उपस्थितिले कार्यक्रम त बिथोलिएन, बरु सतर्कतालाई ध्यान दिदै कार्यक्रम छोटो गर्दै समापन भएको थियो ।

**गिरफ्तारीमा संकटकालको झल्को** : कथित चुनाव खारेज अभियानका क्रममा स्थानीय संसद्वादी मुख्यतः नेपाली कांग्रेसको सुराकको आधारमा सुरक्षा फोर्सले अन्नपूर्ण गाउँपालिकाको लुम्लेबाट अनेरास्ववियू (क्रान्तिकारी) का नेता तथा कार्यकर्ता चढेको आशंकामा सडकमा कुदिरहेको यात्रु बस एक्कासी रोक्न पुग्दछन् । लगत्तै सिटमा रहेका यात्रुहरूलाई उत्रन उर्दी गर्दै उनीहरूले आशंकाको आधारमा बसको यात्रूहरूसँग टिकट जाचँसम्म गर्दछन् भने सोही क्रममा पछाडि सिटमा यात्रामा रहेका विद्यार्थीसहितलाई बसबाट ओराली सडक छेउमा लाइन लगाएर खानतलासी गऱ्यो । उनीहरूले खानतलासीमा चुनाव खारेजको पर्चा पोस्टरबाहेक अरू खास केही भने भेटन सकेनन्, न त उनीहरूसँग बम गोला र गोली गट्ठा नै पाए । राज्यको गलत निर्देशनको उन्मादमा रहेका प्रहरीले विद्यार्थीका ५ जनामध्ये प्रायःजसोलाई लछारपछार गर्दै हातपात गर्नसम्म पछि परेनन् । यसैक्रममा एकजना भने खानतलासीकै बीचमा उम्कन सफल भएको स्मरण सुनाउँदा एउटा छुट्टै संकटकालको दैनिकीको पुनस्मैरण भएको भन्ने अनुभव गिरफ्तारीमा परेका विद्यार्थी नेता तथा कार्यकर्ताले सुनाएका थिए ।

**सार्वजनिक अपराध मुद्दाको दुरुपयोग** : कास्की जिल्ला प्रशासन कार्यालयले वैशाख २५ गते कास्की जिल्लाको लुम्ले र नयाँपुलबाट गिरफ्तारीमा लिएको मिलन राई, काजी तमु, दिलबहादुर तामाङ, सुनिल कुमाल, शिव क्षेत्री, प्रवल भण्डारी विद्यार्थी नेता तथा कार्यकर्ता र २२ गते पूर्व लेखनाथ नगरपालिका, खुदीखोलाबाट गिरफ्तारीमा लिएको राजकुमार सुनारलाई जेठ १८ गते जिल्ला प्रशासन कार्यालयबाट सिडिओको प्रयक्ष सहभागितमा सरकारी वकिलको फैसलाअनुसार एक-एक हजार भरौटीमा रिहा गरेको थियो । जतिबेला रिहाइको पहल र पर्यवेक्षण गरिरहेका मानवअधिकारवादी, पत्रकार, पीडितका आफन्त एवम् विद्यार्थी संगठनका कार्यकर्ता रिहापछिको पर्खाइमा रहेकै समय पुन झुट्टा मुद्दामा फसाउने उद्देश्य रच्दै प्रशासनको भित्री गेटबाट पुनः रामबजार प्रहरी एकाइको भ्यान र फोर्सको प्रयोग गरी पुनः गिरफ्तार गरी कास्की प्रशासनले आफ्नो निरीहता, कानुनी राज्यको खिल्ली उडाउनुका साथै पत्रकार र मानवअधिकारवादीलाई समेत लज्जित बनाउने काम गयो । सो समय जिल्ला प्रशासनले घटिया तर्क अघि सार्दै उनीहरूको कपडा रामबजार चौकीमा भएकाले सो सामान बुझाएर छाडिदिने भन्दै रामबजार चौकी लगेलगत्तै कमान्ड सम्हाले । एक प्रहरीले माथिको आदेशअनुसार अर्को झुट्टा मुद्दाको तयारी गरे, जसमा दोस्रो चुनाव बिथोल्ने गरी उनीहरूकै हिरासतमा रहेको समय रंगशाला नजिकै बैठक बसेको भन्ने पूरै झुट व्यहोरा तयार पारेका रहेछन् । यसरी कास्की प्रशासनले सार्वजनिक अपराध एनको हदैसम्मको दुरुपयोग गरि संकटकालको दैनिकी प्रदर्शन गरेको थियो ।

**प्रचण्ड–बाबुरामको प्रकाशनमा प्रतिबन्ध** : गणतन्त्र नेपालको हालैको कथित स्थानीय निर्वाचन खारेज अभियानको क्रममा राज्यले गिरफ्तारपछि हिरासतमा रहेका नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्तालाई कम्युनिस्ट पुस्तक पढन मात्र बन्देज लगाएनन्, उनीहरूको बन्देज तत्कालीन नेपाल सरकारका प्रधानमन्त्री प्रचण्ड र पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईका पुस्तकसमेत पढ्नमा पूर्णतः रोक लगाइएको हिरासतपछिको आफ्नो अनुभूतिमा हिरासत बसेका कार्यकर्ताले आफ्नो प्रत्यक्ष अनुभूतिमा विषय राख्दै गर्दा प्रचण्डलगायतले दसहात उर्फदै उपलब्धि मानेको गणतन्त्रको हैसियत नराम्रोसँग उदांगो भएको, नेपालको राज्य मेसिनरीका कामदारहरू कम्युनिस्ट प्रभावको भयबाट कति आतंकित छन् र उनीहरूले जेल हिरासतमा आफ्नो वैचारिक पक्षधरतामा बन्देज लगाउदै अध्ययन गर्न पाउने राजनीतिक अधिकार माथि फासिवादी शैलीमा गरिने दमनले लोकतन्त्रवादी एवम् गणतन्त्रवादी ठेकेदारहरूको चेहरा पर्दाफास भएको छ । हुन त हिजो नेपालमा क्रान्तिको आवश्यकतामा तयार पारिएका लेख रचनाको संकलित पुस्तकबाट लेखकहरू नै आतंकित हुँदै कतिले कम्युनिस्ट पार्टी नै परित्याग गर्न पुगेका छन् भने केहीले झन्डा र लोगोको व्यापार गर्दै सो हटाउँदा अन्य प्रतिक्रियावादी पार्टी र कम्युनिस्ट पार्टीमा खास भिन्न औचित्य र अर्थ नरहनेगरी भारतीय साम्राज्यवाद र दलाल पुँजीवादसमक्ष आत्मसमर्पण गर्दै नराम्रोसँग संसद्वादमा पतन हुन पुगेका बाबुराम र प्रचण्डको तुलनामा पुरानो राज्यको जनविरोधी स्कुल पाएका सुरक्षा अंगका केही कमान्डर र आदेशपालक सिपाहीहरूको आतंक कम्युनिस्ट पुस्तक एवम् अध्ययन सामग्री बन्नु आठौ आश्चर्य भने भएन ।

**उच्च अदालतको फैसला** : धरौटीमा रिहा हुन नपाउँदै जिल्ला प्रशासन कार्यालय, कास्कीको परिसरबाट पुनः रामबजार प्रहरी एकाइ भ्यानमा गिरफ्तारीमा परेका ७ जना राजनीतिक बन्दी जो लामो हिरासतपछि मुक्त हुने समयमा प्रतिक्रियावादी सरकारले अधिकार खोसेसँगै परिवारको सक्रियतामा बन्दी-प्रत्यक्षीकरण रिट दायर गरी २१ र २२ गतेको बहसको फैसलापछि स-सम्मान रिहा हुनुभएको थियो । सो रिहाइको आदेश उच्च अदालत पोखराका माननीय न्यायधीशद्वय बालचन्द्र शर्मा र कुलप्रसाद श्रेष्ठको संयुक्त इजलासले गरेको थियो । रिटको निवेदकमा पीडितका आफन्तहरू कमला कुमाल, कुलबहादुर राई र तेज गुरुङ थिए भने पीडितको पक्षमा बहसमा अधिवक्तात्रय गोविन्द पौडेल, तिलक पराजुली र सुरेन्द्र थापामगर रहेका थिए ।

**हिरासतमा राजनीति** : राज्यको निशानामा हिरासत बसाइको करिब १ महिना पार गरेका बन्दी सहयोद्धाहरूले हिरासतमा आफ्नो राजनीतिक धार उँचो नै बनाए, जहाँ अनेकौं मुद्दामा हिरासतमा पुगेकाहरूसँग व्यापक राजनीतिक अन्तरक्रिया, नेपालको दलाल सत्ता जसको गलत चरित्र र कम्युनिस्ट पार्टीले चाहेको परिवर्तनबारेमा प्रहरीहरूसँग भएको छलफलले आफ्नो अभियानलाई हिरासतमा पनि निरन्तरता दिएका रहेछन् भने हिरासतको गेटसम्म धाउने संसद्वादी दलाल नेतालाई उनको आत्मसमर्पण खारेज गर्दै आवश्यक परे बर्षौं दिन जेलजीबन बिताउने छलफलमा निचोड निकाल्दै राजनीतिक बन्दीले आफ्नो वैचारिक पक्षधरता र दृढतामा सामन लगाएका रहेछन् भने कतिपय खाजा-खानालगायतका सन्दर्भमा अनुभवको कमीका कारण खर्च केही बढी हुन पुगेको जस्ता कमजोरी रहेको महसुस गरी रिहापछिको आफ्नो अनुभव आदान-प्रदानमा सबैले राख्नुभएको थियो । चुनाव खारेज अभियानको क्रममा कास्की जिल्लामा जिल्लाका सेक्रेटरीदेखि समर्थक जनतासम्म गरी ३६ जनाले हिरासतको केही घन्टादेखि लामो समय अर्थात् राजकुमार सुनारले ३३ दिनको हिरासतको अनुभवसहित नयाँ शिक्षा, प्रतिबद्धता, अठोट र वैचारिक पक्षधरता एवम् दृढतासहित आफूलाई थप समृद्ध पार्दै दलाल संसदीय व्यवस्थाको बिदाइका निम्ति आउने आगामी संघर्षमा खरो उत्रने प्रस्ट बुझन सकिन्थ्यो ।

# दक्षिण–चीन सागरमा जापान र अमेरिकाको प्राधिकार सम्भव छैन



– टिन हुक्सुङ
अध्यक्ष, सूचना तथा प्रविधि विभाग, युन्नान, चीन

➲ ***हुक्सुङ महोदय, चीनको अरू प्रान्त र युनानको बीचमा के भिन्नता छ ?***

मेरो विचारमा मुख्य तीनओटा भिन्नताहरू रहेका छन्- पहिलो, यस प्रान्तमा २५ प्रकारका बसोबास रहेका छन् । जसमा अन्य प्रान्तभन्दा समन्वयात्मक र सहयोगी रहेका छन् । जुन उत्कृष्ट चिनियाँ नमूना हो । यहाँ विभिन्न प्रकारका जातजाति रहेका छन् । उदाहरणको लागि कुन्मिङ र चिडिङ, जुन युनानको मध्य भागमा रहेका छन् । सहरी क्षेत्रमा तपाईं कहिल्यै ननासिने बसोबास देख्न सक्नुहुन्छ । यो पहिलो विशेषता हो । दोस्रो विशेषता, भौगोलिक भिन्नता हो । युनान भौगोलिक भिन्नता नै फाइदाजनक रहेको छ । यो दक्षिण-पश्चिम चीनमा पर्दछ । यसले भियतनाम, लाओस् र म्यानमारलाई छुन्छ । अन्य छिमेकी देश दक्षिण र पूर्वी एसिया रहेको छ, जसका कारण हामी सजिलै सांस्कृतिक र आर्थिक क्षेत्रमा प्रवेश गर्न सक्छौं । युनान प्रान्तको अर्को महत्वपूर्ण पक्ष दक्षिण र दक्षिण र दक्षिणपूर्वी एसियासँग सम्बन्ध विस्तार गर्ने प्रवेशद्वार हो । चिनियाँ राष्ट्रपति सि जिनपिङले एक पाटो एक बाटो परियोजना सुरु गर्नुभएको छ । यो परियोजनाको केन्द्रमा युनान प्रान्त छ । दक्षिण र दक्षिण पूर्वी एसिया जोड्नमा युनान प्रान्तको महत्वपूर्ण स्थान छ । 'चीन र दक्षिण तथा दक्षिणपूर्वी एसिया मेला चीन र दक्षिण पूर्वी एसियाको सहयोगको आकर्षक सुरुआत हो । चीन र एसिया प्रदर्शनी मेला राज्यस्तरको महत्वपूर्ण घटनाका रूपमा रहेको छ । जसको आयोजना केन्द्रीय सरकारले गरेको हो । यसले युनान प्रान्तको दक्षिण तथा दक्षिणपूर्वी एसियाका देशहरूसँगको समन्वयात्मक सम्बन्ध वृद्धि गर्नेछ । युनानको अर्को विशेषता जैविक विविधता हो । हावापानी, संस्कृति, विकास रहेका वन्यजन्तु, वनस्पति र समुद्र सतहबाट ६७०० मिटर उचाइमा रहेको स्थानदेखि समुद्र सतहबाट केवल ७० मिटरमात्र उचाइमा रहेको भियतनाम नजिकको स्थान पनि युनानमा छ । आज युनान प्रान्त जीवजन्तु र बनस्पति राज्यजस्तै भएको छ ।

➲ ***आजको अवस्थामा तपाईं अध्यक्ष माओ त्सेतुङलाई कसरी सम्झिनुहुन्छ त ?***

अध्यक्ष माओ चीनका महान् नेता हुनुहुन्थ्यो । माओ नभएको भए नयाँ चीन बन्न सक्दैनथ्यो । नयाँ र विकसित चीन बन्न सक्दैनथ्यो । र, जुन संसारमा चीनको आज विशेष स्थान छ, त्यो पनि सम्भव हुँदैनथ्यो । मैले भन्न खोजेको के हो भने माओ त्से तुङबिना चीन कम्युनिस्टमय बन्न सक्दैनथ्यो । त्यस्तै उहाँ महान् दार्शनिक, राजनीतिक र जनगायक पनि हुनुहुन्थ्यो । त्यसैले चिनियाँ जनता उहाँलाई सम्झिरहन्छन् । उहाँको योगदानले चीनमा विकास पत्ता लगाउन सहयोग पुऱ्यायो । उहाँ आजभन्दा ४१ वर्षअघि बित्नुभयो तर चिनियाँ जनता उहाँलाई सधैँभरि सम्झिरहनेछन् ।

➲ ***चीनले भूमण्डलीकरणबाट सृजित समस्याको सामाधान कसरी गर्न सक्ला ?***

वास्तवमा चीनले भूमण्डलीकरणको समस्यालाई पचाइसकेको छ । मिस्साडान्चवीपछि यो हामीले उठाइसकेका छौं । यो प्रहरीले अभ्यास गरिसकेको छ। त्यसकारण चीनले भूमण्डलीकरणबाट पैदा भएको ठूलो नरसंहारलाई दबाउँदै आएको छ । हामीलाई भन्दा भूमण्डलीकरणको चुनौती अमेरिकालाई बढी छ । चीनले यसलाई कहिल्यै चुनौती ठानेको छैन । हामीले दृढतापूर्वक यस चुनौतीको सामना गरिरहेका छौं । त्यसकारण चीन जटिलभन्दा जटिल समस्याको समाधान गर्न सक्षम छ ।

➲ ***चिनियाँ जनकांग्रेसका सफल नेतृत्वहरू त्यस विषयमा के भन्छन् त ?***

मुख्य राज्य र ठूला इन्टरप्राइजेजले चिनियाँ अर्थतन्त्रको नियन्त्रण गर्ने गर्दछन् । तिनले चीनको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिएका छन् । प्राइभेट इन्टरप्राइजेज र ठूला इन्टरप्राइजेजहरूले चीनको अर्थतन्त्रमा राम्रो भूमिका खेलेका छन् । ठूलो मात्रामा चलेको व्यापारले राम्रो प्रदर्शन गरेन भने सरकारले प्रोत्साहन गर्ने गरेको छ। जसले समाजलाई राम्रो प्रभाव पार्न सक्छ । निजी व्यापार बढेमा त्यसले समाज र समग्र समाजको विकास राम्रो हुन सक्छ । चीन मात्र एउटा यस्तो देश हो, जसले गरिबी घटाउन र उत्पादन बढाउन राम्रो प्रगति गरेको छ । गएका ४ वर्षमा ६० करोड जनसंख्या गरिबीको रेखाबाट बाहिर आएका छन् । १.३ करोड जनसंख्यामा ४ करोड जनसंख्या चीनमा अझै गरिबीको रेखाभित्र छन् । राष्ट्रपति सि जिनपिङका अनुसार सन् २०२० सम्म सो ४ करोड जनसंख्यालाई पनि गरिबीको रेखाबाट बाहिर ल्याइनेछ । चिनियाँ कम्युनिस्ट पार्टी र सरकारको रणनीतिअनुसार राष्ट्रपतिले सो घोषणा गर्नुभएको हो । आजभोलि युनानको गरिबी हटाउन विशेष ध्यान दिइएको छ । सरकारले त्यसका लागि बित्तीय र ऊर्जा लगानीमा बढोत्तरी गरेको छ ।

> **"माओ चीनका महान् नेता हुनुहुन्थ्यो । माओ नभएको भए नयाँ चीन बन्न सक्दैनथ्यो । नयाँ र विकसित चीन बन्न सक्दैनथ्यो । र, जुन संसारमा चीनको आज विशिष स्थान छ, त्यो पनि सम्भव हुँदैनथ्यो ।**

➲ ***दक्षिण चीन सागर विवादले कम्युनिस्ट एकता र चीन तथा भियतनामका बीचको भातृत्वमा नकारात्मक प्रभाव पर्ने हो कि ?***

यहाँको पहिलो जिज्ञासाप्रति म असहमत हुन सक्दिनँ । दक्षिण चीन सागर धेरै पहिलेदेखि चीनको भू-भाग रही आएको छ । लगभग २ सय वर्ष पहिले चिनियाँ माझी जुङ ग्खादेखि नै यो भू-भाग हाम्रो थियो । साउथ चाइना सयौं वर्षदेखि नै चीनको इतिहासले बताउँछ । सन् १९७० भन्दा पहिले साउथ चाइना सिको बारेमा कुनै असहमती थिएन । त्यो समयमा छिमेमी देश भियतना र फिलिपिन्सले दक्षिण चीन सागर आफ्नो भू-भाग भनेर दावीसम्म गरेका थिएनन् । पुरानो नक्सा र काम चलाउ नक्सा लिएर उनीहरू आफ्नो भएको घोषणा गरे पनि त्यसले फरक पर्दैन तर सन् १९७० पछि केही छिमेकी देशहरूले आफ्नो भू-भाग भएको दावी गरेका छन् । त्यसकारण हामी के भन्न सक्छौं भने यो ऐतिहासिक कानुन र त्यसपछि विश्वयुद्धमा केही ठूला टापुहरू कब्जा गरिएका थिए । जुन आयरल्यान्ड जापनिज सेनाको कब्जामा थिए । एक समय जापानले नियन्त्रणमा लिन खोजेको थियो तर असफल भयो । चीनको पक्षमा प्रमाणहरू जुटेपछि चीनलाई नै फिर्ता गऱ्यो । सन् १९६० भन्दा पहिला भियतनामले सैद्धान्तिक रूपले कहिल्यै असहमति जनाएको थिएन । आज प्रश्न उठाएपछि यो गलत शैलीको विषयमा चीनले गम्भीर अनुसन्धान गरिरहेको छ । चीन र भियतनामका बीचमा सो भूगोलका विषयमा मतभेद छ । चीनले यो विषयमा कहिल्यै सम्झौता गर्नेछैन । यो सामान्य विषय हो । हामी दुवै देश चीन र भियतनाम समाजवादी देश हौं । चीन र भियतनामीबीच सामूहिक अर्थतन्त्र र सांस्कृतिक सम्बन्ध राम्रो छ । चाइना जनकंग्रेस र दुवै समाजवादी देशका बीचमा आर्थिक र सांस्कृतिक अनुभव आदन प्रदान गर्दै आएका छन् । चीनले दक्षिण चीन सागरको विषयमा संवाद गर्नै चाहन्न । यो भारतले पनि स्वीकार गरेको छ । खै के कारणले हो, अमेरिका र जापानले दक्षिण चीन सागरलाई जटिल विषय बनाएको छ । जसको विषयलाई लिएर फिलिपिन्स र भियतनामलाई चनिसँग संघर्ष बढाउने काम गरेको छ । कोही पनि चीनको विरुद्धमा छैन । अमेरिका र जापानको चासो कहिल्यै सफल हुनेछैन ।

➲ ***धन्यवाद तपाईंको महत्वपूर्ण समय खर्चेर छलफल गर्ने अवसर दिनुभयो । अन्तमा नेपाली जनतालाई केही भन्नुहुन्छ कि ?***

निश्चय नै नेपाल हाम्रो धेरै राम्रो मित्र देश हो । चिनियाँ जनता नेपाल भ्रमण गर्न धेरै उत्सुक हुन्छन् । नेपाली संस्कृति सम्पदाको लागि चर्चित छ र नेपाल एक पाटो एक बाटो सुरु गर्न महत्वपूर्ण भूमिका रहनेछ । यसले नेपाल र चीनबीचमा बाटो स्तरोन्नतिका साथै, आदान-प्रदान गर्न सहयोग गर्नेछ । गतवर्ष नेपाल भूकम्पले थिलो थिलो भयो । हामीले ब्राजिललाई जसरी नै सहयोग गरेका थियौं । हामीलाई विश्वास छ, नेपालको भविष्य सुन्दर छ । हाम्रोबीचमा सम्बन्ध मात्र छैन, हामीले भविष्यमा यो सम्बन्धलाई अभ प्रगाढ बनाउनेछौं ।

*(सन् २०१७ जुन १५ तदनुसार २०७४ असार १ गते कुन्मिङमा नारायण नेपालले अंग्रेजी भाषामा लिनुभएको अन्तर्वार्तालाई करणसिंह बडालले नेपाली भाषामा अनुवाद गर्नुभएको हो ।)*

# चितवनमा शैक्षिक अन्तरक्रिया

■ भीमबहादुर खड्का, चितवन



नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) चितवनको आयोजनामा एक दिने **शिक्षामा भएको संवैधानिक व्यवस्था र वर्तमान अवस्था** विषयक अन्तरक्रिया कार्यक्रम भरतपुरस्थित सप्तगण्डकी क्याम्पसको सभाकक्षमा शनिबार सम्पन्न भएको छ । उक्त कार्यक्रममा अखिल (क्रान्तिकारी)का जिल्ला अध्यक्ष प्रेम चौधरीको अध्यक्षता र प्रमुख अतिथि केन्द्रीय उपाध्यक्ष लालबहादुर तमाङ्ग, ने.क.पा. का चितवन इन्चार्ज लालबहादुर बि.सी., ने.क.पा. (क्रान्तिकारी माओवादी)का प्रतिनिधि अशोक शर्मा, अखिल (क्रान्तिकारी)का ताम्सालिङका व्युरो संयोजक रुद्र भट्टराई, ने.वि.संघका प्रतिनिधि अनमोल अधिकारी, बार एशोसियसनका उपाध्यक्ष लक्ष्मी पाठक, प्याप्सनका उपाध्यक्ष किर्तिनिधि विष्ट, पब्लिक कलेजका अध्यक्ष खेमनारायण सापकोटा, सामुदायिक मा.वि. का अध्यक्ष पूर्ण दवाडीलगायतका अतिथि हुनुहुन्थ्यो ।

उक्त कार्यक्रममा ने.क.पा. का चितवन जिल्ला इन्चार्ज लालबहादुर बि.सी. ले मन्तव्यको क्रममा वर्तमान संविधानमा शिक्षालाई मौलिक हकमा राखिएको छ । विद्यालय शिक्षा निःशुल्क अनिवार्य गर्ने भनिएको छ, निजी विद्यालय र सरकारी विद्यालयहरुले विद्यार्थीबाट चर्को शुल्क लिने गरेका छन् । आफैंले बनाएको संविधान शिक्षा ऐन र संसदवादी पार्टी र राज्यले कार्यान्वयन नगर्नु भनेको संसदीय व्यवस्था जनताको पक्षमा हुँदैन भन्ने पुष्टि आफैंले गरेका छन् । त्यसैले संसदीय व्यवस्थाको अन्त्य गर्न आम विद्यार्थी लाग्नु पर्छ । जनताको शिक्षा जनताको पक्षमा शिक्षा बनाउन वैज्ञानिक समाजवाद नै सत्ताको स्थापना गर्न अनिवार्य रहेको कुरा सो कार्यम्रममा बताउनु भयो । र अन्य अतिथिहरुले पनि आ-आफ्नो धारणाहरु सरल र सटिक ढंगले प्रस्तुत गरेका थिए ।

oxfFtfhf, :jR5, vfgf tGb'/L /f]6L ;fy}+rsjgsf cf06dx? ;:tf]zhe dNodf pknAw u/fOG5 .

प्रो. विनोद भण्डारी
फोन नं. : ९८४५०९०९९६
शिवशक्ति होटल
भ.म.न.पा.–१, रामनगर

# मजदुर आन्दोलन र मुक्तिको प्रश्न

इतिहास रच्नेक्रममा विश्वमा पुँजीवादका विरुद्ध सशक्त संघर्ष गर्दै आइरहेको श्रमजीवी मजदुर वर्ग अहिले पनि अनवरत संघर्ष गरिरहेको छ। दलाल पुँजीवादको अन्त्य र वैज्ञानिक समाजवादको स्थापनाको लागि आफ्नो ऊर्जाशील जीवनलाई क्रान्तिमा समर्पण गर्दै अन्याय अत्याचारको विरुद्ध मुख्यतया अधिकार र मुक्तिको निम्ति मोर्चाबन्दी गर्दै उद्योग कलकारखानामा विजयको झन्डा फहराउन दृढ संकल्पित छन्। दलाल पुँजीवादको एकछत्र राजलाई तोड्दै शोषण र दमनका विरुद्ध अझै पनि लडिरहेका छन्। नेपालका श्रमजीवी मजदुर वर्गले चरम सामन्ती शोषणका विरुद्ध संघर्ष गरे। महजदुरहरूको हक अधिकारका लागि मजदुर विरोधी श्रम ऐन कानुनको विरुद्ध चरणबद्ध संघर्ष गरिरहेका छन्। विश्वमा जनवादी क्रान्तिहरू मजदुर वर्गको सहभागितामा भएको थियो। २१औं शताब्दीका श्रमजीवी मजदुरहरूको विकसित चेतनास्तरले राज्यलाई बदल्न सकिन्छ। भौतिकवादी दृष्टिकोणबाट हेर्ने हो भने संसारभरि दुई राजनीतिक प्रणालीहरू विद्यमान रहेको छ : (१) पुँजीवाद (२) अर्को समाजवाद। पुँजीवादी व्यवस्थामा मजदुरहरू मालिकको केवल दासको रूपमा मात्र काम गरिरहेको हुन्छ। पुँजीपतिले मजदुरहरूको अतिरिक्त श्रम शोषण गर्ने र अत्यधिक मुनाफा आर्जन गर्ने निजी सम्पत्ति थुपार्ने मात्र उसको उद्देश्य हुन्छ भने समाजवादमा श्रमको सम्मान गर्ने क्षमताअनुसारको काम, कामअनुसारको दाम र मामको व्यवस्था हुन्छ भने मजदुर र मालिकबीचको विभेद अन्त्य हुन्छ। सम्मानपूर्वक जीवनयापन गर्नसक्ने र विशेषतः श्रमको उच्च कदर गर्ने व्यवस्था नै वैज्ञानिक समाजवाद हो। यो व्यवस्था प्राप्त गर्नको निमित्त दलाल पुँजीवादी संसदीय व्यवस्था फ्याँक्न क्रान्तिकारी संगठन र निर्णायक विद्रोह वा भीषण संघर्षले मात्र समाजवादी व्यवस्था स्थापना गर्न सकिन्छ। सामन्तवादको गर्भबाट पुँजीवादको जन्म भयो। अब पुँजीवादको ठाउँमा समाजवादले अवश्य पनि ठाउँ लिन पुग्दछ। त्यसैले आफ्नो मुक्तिको लागि मजदुर वर्गले रणनीति स्वतन्त्रताको बाटोबाहेक अर्को लिन सक्दैन भन्ने लेनिनको भनाइलाई आत्मसात गर्नुपर्दछ। नेपालको मजदुर आन्दोलनको समस्यालाई दुई भागमा बाँडेर हेर्न सकिन्छ। एउटा आर्थिक पक्ष दोस्रो रणनीतिक पक्ष। आर्थिक पक्ष मजदुरहरूको हक अधकारसित सम्बन्धित छ। मजदुरमाथि शोषण छ दमन छ, उत्पीडन
प्रवल अवस्थामा छ। उनीहरूलाई बढ्दो महंगीको अनुपातमा ज्याला उचित तलव सेवा सुविधा पाइराखेका छैनन्। औषधी उपचारबाट बञ्चित छन्। राजनीतिक रूपमा मजदुर संगठनभित्र सुधारवाद अर्थवाद वर्गसमन्वयवाद व्याप्त देखिन्छ। दलाल ट्रेड युनियनहरूले केवल मजदुरहरूलाई आफ्नो फाइदाको लागि मात्र प्रयोग गरिरहेका छन्। मजदुर आन्दोलनलाई क्रान्तिकारी आन्दोलनमा उठाउन विशाल पंक्ति नेपालमा छन्। त्यस पंक्तिलाई रक्षा गर्न संगठनको दायरामा ल्याउन सकेमा मजदुर आन्दोलन नयाँ शिक्षा लिनेछ। यतिखेर मजदुरभित्रको क्रान्तिकारी धारा र सुधारवादी धाराको तीव्र संघर्ष भैरहेको छ। क्रान्तिकारी मजदुरहरू सुधारवादी धाराबाट विद्रोह गर्ने र सत्यको पक्षमा अगाडि बढ्ने प्रयत्न गरिरहेका छन्। हामी मार्क्सवाद, लेनिनवाद, माओवादी धारासँगै नेपाल कम्युनिस्ट पार्टीको कार्यदिशा मार्फत् अगाडि बढ्ने कोशिस गरिरहेका छन्। अहिलेको श्रमजीवी मजदुर वर्गको मुख्य समस्या भनेको नेपालमा औद्योगिकरणको विकास नहुन धेरै श्रमशक्ति कामको लागि विदेश जानुपर्ने वाध्यता हुन स्वदेशमै काम गर्ने अवसर नपाउनु नै अहिलेको समस्या हो। नेपालको श्रम बजारमा श्रमजीवी मजदुर वर्ग झन्डै ६.५०% अर्थात् १८ लाखको हाराहारी संगठित असंगठित क्षेत्रमा कार्यरत छन्। एक तथ्यांकअनुसार नेपालको औद्योगिक क्षेत्र निजीकरण र उदारीकरणमा गएसँगै उद्योग कलकारखाना घरायसी बने श्रमिकहरू विस्थापित बन्न पुगे। नेपालको श्रमक्षेत्र ध्वस्त हुन पुग्यो। अहिले नेपाली मजदुहरू टुक्रे उत्पादन गर्ने फ्याक्ट्री कलकारखानामा काम गर्न वाध्य छन्। दलाल पुँजीपतिको चरम शोषणको मारमा परेको मजदुरहरू फेरिपनि राज्यले दासत्व जीवन जिउन वाध्य बनाउने षड्यन्त्र स्वरूप हालै दलाल सरकारले औद्योगिक व्यवस्था सम्बन्धी विधेयक २०७३ सदनमा पेस गरी ऐनको रूपमा ल्याउने तयारी गरिरहेको छ। उक्त मजदुरमारा विधेयक विरोधमा मजदुरको पक्षमा खडा रहेका अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघले कड विरोध गर्दै संघर्षका कार्यक्रमहरू अगाडि बढाइरहेको छ। घोर दक्षिणपंथी मजदुर विरोधी ट्रेड युनियन महासंघले कडा विरोध गर्दै संघर्षका कार्यक्रमहरू अगाडि बढाइरहेको छ। घोर दक्षिणपंथी मजदुर विरोधी ट्रेड




विनोद थापा

युनियनहरूले लिखित रूपमै विधेयक समर्थन गऱ्यो। हायर एण्ड फायर, नो वर्क नो पे जस्ता मजदुर विरोधी ऐनको पक्षमा संशोधनवादी ट्रेड युनियनहरू चुपचाप बसे। माकेको अखिल नेपाल ट्रेड युनियन महासंघ एमाले समर्थित जिफन्ट, कांग्रेसको ट्रेड युनियन कांग्रेस लगायतका संगठनहरूले ऐनका पक्षमा वकालत गरिरहेका छन्। संसद्वादी दलभित्र रहेका अधिकांश नेताहरूको कहीं न कहीं उद्योग तथा कल कारखानामा लगानी रहेको छ, त्यसकारण व्यवसायी रक्षाको नाममा पुँजीवादी हर्कतहरू प्रदर्शन गरिरहेका छन्। संसारभरि नै प्रचलित ट्रेड युनियन अधिकारको सम्म हनन् गराउने प्रपञ्चमा संसद्वादी दलाल ट्रेड युनियन लागेको छ। सर्वहारा श्रमजीवी मजदुर वर्गको अधिकारको लागि समर्पित रहेको भन्ने सत्ताको दुरूपयोग गर्ने खेलमा अभ्यस्त छन्। नेपाली श्रमिक मजदुरहरूको अवस्था हेर्दा अहिलेसम्म संसद्वादी सत्ताले आफ्नो राजनीतिक स्वार्थको भऱ्याङको रूपमा मजदुर वर्गलाई खाली प्रयोग गरे मात्र। मजदुरहरूको काँधमा बुई चढी सिंहदरबारको यात्रामा तल्लीन दलका नेताहरूको आफ्नो निहीत स्वार्थले गर्दा नै मजदुर संगठनले गति ाप्त गर्न नसकेको हो। पटक-पटक श्रम ऐन कानुन मजदुरको पक्षमा बनाउन हाम्रो संगठनले दबाब सिर्जना गर्दै आइरहेपनि सरकारमा रहेको ट्रेड युनियनले अवरोध गरेका छन्। राज्यले मजदुरहरूको सामाजिक सुरक्षा कोष खडा गरी प्रति मजदुर १% कर काटी जम्मा गरेको अरबौं पैसा त्यत्तिकै रहेको छ। सो रकमको सही सदुपयोग भइरहेको छैन। त्यस रकमको खोजी गर्न र मजदुर हितमा प्रयोग गर्न सशक्त दबाब दिन जरुरी छ। संशोधनवादी कित्तामा खडा भएका मजदुर संगठनले यही दलाल व्यवस्थाभित्र मुक्ति सम्भव छ भनी भ्रम छरिरहेका छन्। यसको चौतर्फी भण्डाफोर गर्नुपर्छ। गणतन्त्र आएको देशमा मजदुर शोषणको भद्दा रूपमा ज्यालादारी, ठेकेदारी, करार प्रथा कायमै छ। यसको अन्त्यको लागि मजदुर आन्दोलनले निर्णायक भूमिका आफूलाई अगाडी बढाउन जरुरी देखिन्छ। यसको लागि मजदुर वर्गले गर्ने निर्णायक रूप लिन संगठन, संघर्ष र अधिकारको लागि बढी गम्भीर भई संगठनको भौतिक ताकतद्वारा सबै खराबीलाई चिर्नुपर्दछ। स्वभाविक रूपमा कुनै निश्चित विन्दुसम्म विकसित भएको मजदुर वर्गको एउटा पूर्ण संगठनको अपेक्षा राख्दछ। जुन ठाउँमा श्रमजीवी मजदुर वर्गले शासक वर्गको सामूहिक शक्ति अर्थात् गलत रणनीति सत्ताका विरुद्ध निर्णायक अभियान चलाउन सक्नेगरी आफ्नो संगठन अगाडि बढाइरहेको हुँदैन, उक्त सत्ताविरुद्ध निरन्तर आन्दोलन गर्न त्यसको लागि श्रमिक मजदुरहरूलाई हर हालतमा प्रशिक्षित पार्नुपर्दछ। यहाँ गैर-सरकारी संस्था र अन्तर ाष्ट्रिय गैर-सरकारी संस्थाको रूपमा गठन हुने ट्रेड युनियनलाई मजदुर संगठन भन्न मिल्दैन किनभने मजदुरको जल्दाबल्दा समस्याहरूको समाधान गर्ने महान् उद्देश्यको साथ अगाडि बढ्ने क्रान्तिकारी संगठनको आवश्यक रहेको छ। माओले भन्नुभएझैं क्रान्तिकारी सिद्धान्तबिना क्रान्तिकारी आन्दोलन हुन सक्दैन। अहिलेको मजदुर आन्दोलन र मजदुर वर्गको वर्गीय धरातल चेतनाको स्तरलाई हेर्ने हो भने ऐतिहासिक सर्वहारा मजदुरको ठाउँमा आधुनिक श्रमजीवी मजदुरले ठाउँ लिएको छ। हिजोको युगमा परम्परावादी मेसिन औजारको सहयोगमा श्रमिकहरूले काम गर्नुपर्ने अवस्था थियो भने अहिले अत्याधुनिक मेसिन औजार विभिन्न उपकरणको सहायताले विश्व बजारमा मजदुरहरूले काम गर्दैछन्। सूचना प्रविधिको विकाससँगै श्रमशक्ति पनि विभाजित हुन पुगेको छ। शारीरिक श्रम, मानसिक श्रम र बौद्धिक श्रममा मानिस रूपान्तरिक भइरहेको छ। यस्तो बदलिंदो परिवेशमा मजदुर संगठनलाई पुरानो ढर्राबाट मात्र विश्लेषण गर्ने होइन, निरन्तरतालाई क्रमभंग गरी नयाँ शिराबाट मजदुर संगठनलाई उठाउनुपर्दछ। मजदुर संगठनहरू रूपमा हेर्दा उनका गतिविधि सुधावाद जस्तो देखिए पनि सार पक्ष भने अर्कै हुन्छ। मजदुर संगठनको विशेषता श्रम ऐन कानुनसँग जोडिएको हुन्छ। बुर्जुवा व्यवस्थाले अख्तियारी गरेको कानुनी आधारमा मजदुर संगठन अगाडि बढाउने देखिएता पनि यसलाई क्रान्तिकारी आन्दोलनमा रूपान्तरण गर्ने मजदुर नेताहरूको कुशलतामा निर्भर रहन्छ। नेपालको उद्योग कलकारखानाहरू सहरकेन्द्रित रहेको हुँदा मजदुर संगठनले सहरी संघर्षलाई बढी ध्यान दिनुपर्दछ। ध्यान दिने जोड गर्ने सवालमा देशैभरि छरिएर रहेका मजदुरहरूलाई एउटै ालामा गाँस्नको निम्ति पेशागत माग, पेशाभित्रका अन्तरविरोधसम्मलाई ख्याल राखी मजदुरहरूको वास्तविकतालाई बुझ्नुपर्दछ। अहिलेको २१औं शताब्दीमा पुँजीवादको बढ्दो प्रभावको कारण उपभोक्तावादी सोच चिन्तन मजदुर संगठनमा मौलाउन सक्छ। यस्ता सोचलाई समयमै निर्मूल पार्नुपर्छ। नेपालको सन्दर्भमा पूर्ण औद्योगिक रूपमा देश विकास हुन सकेको छैन। यसको मुख्य कारण राजनीतिक अस्थिरता पुरानो प्रणाली नै हो। वर्तमान अवस्थामा मजदुरहरूको विरोधी को हुन्, सचेत मजदुरहरूले पत्ता लाउन आवश्यक छ। कुन राजनीतिक पार्टीले साँच्चैको मजदुर हितमा काम गरेको छ। कसले चाहिँ गरेको छैन। यो विषयमा गम्भीर हुनपर्ने अवस्था छ। इतिहास एक्लो वीरबाट निर्माण हुन सक्दैन। सामूहिक प्रयत्नबाट सबै समस्याहरूको समाधान गर्न सकिन्छ। हाम्रो महान् गुरु आदरणीय मार्क्सले विश्लेषण गर्दाको मजदुर वर्गको अवस्था कस्तो थियो भने औद्योगिक सर्वहाराको विकास भर्खरै हुँदै थियो। त्यो क्रान्तिकारी सर्वहारा थियो। मार्क्सको पालामा मजदुरहरू कमै बिग्रेका हुन्थे भने भने मजदुर नेताहरू थोरै बिग्रेका थिए तर अहिले मजदुरहरू पनि संगठनको सवालमा अधिकारको विषयमा सचेत हुँदाहुँदै पनि उदासीन बन्न पुगेका छन्।

अधिकार मागेर पाइने विषय होइन। यसलाई खोस्नुपर्छ। यसको एक मात्र अस्त्र भनेको संगठन हो, संगठनको बलबाट जुनसुकै व्यवाधानलाई परास्त गर्न सकिन्छ। यतिखेर नेपाल कम्युनिस्ट पार्टीले सम्पूर्ण मजदुर वर्गलाई आशाको रक्तसंचार गरिदिएको छ। प्रतिक्रान्तिकारीको विरुद्ध क्रान्तिकारी हस्तक्षेप वैचारिक राजनीतिको सु-स्पष्ट विचार अगाडि सारेको छ। समस्यबाट भागेका, क्रान्तिबाट बिचलित भएका वर्गसंघर्षलाई बिचबाटोमै छोड्नेहरूको विरुद्ध एकीकृत जनक्रान्तिको माध्यमबाट नेपालमा वैज्ञानिक समाजवाद ल्याउन सकिन्छ भन्ने अठोटको साथ संगठनमा तीव्रता ल्याउने उत्पीडित श्रमजीवी जनताको एक मात्र अभिभावकत्व ग्रहण गरेको छ। त्यसैकारण एकीकरणमा हैन, क्रान्तिकारी ध्रुवीकरणमा विश्वास, अलमलमा र अन्यौलतामा परेको सम्पूर्ण श्रमिक मजदुरहरूलाई नयाँ अध्यायको सुरुआत गर्न र हाम्रो संगठन अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ हार्दिक अपिल गर्दछ। इतिहास जित्नेहरूको लेखिन्छ। फेरि एकचोटी इतिहास रच्ने अध्यायमा सामेल बनौ, अधुरो क्रान्तिलाई पूर्णतामा लैजाऔँ।

## भावपुर्ण श्रद्धाञ्जली



रामचन्द्र चौलागाईं

जन्म
वि.सं. १९८१

निधन
२०७४-०३-११

हाम्रो गौरबशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी, काभ्रे जिल्ला समितिका सचिवालय सदस्य क. हरि चौलागाईं र जिल्ला समिति सदस्य क. मेघ चौलागाईंका आदरणीय बुबा तथा समाजसेवी पोखरी चौरी, सुलिकोट निवासी श्री **रामचन्द्र चौलागाईं**को यही असार ११ गतेका दिन ९३ वर्षको उमेरमा निधन भएकोले उहाँप्रति **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै उहाँका शोाकाकुल परिवार तथा आफन्तजनहरुमा **हार्दिक समवेदना** प्रकट गर्दछौं।

**सुरेश**
सेक्रेटरी, काभ्रे

**शरद रसाइली**
इन्चार्ज, काभ्रे




**जनपक्षीय अखबार रातो खबर साप्ताहिकको निरन्तरता र प्रगतिको कामना गर्दछु।**

समाजसेवी
**अम्मर खड्का**
भरतपुर-१, बालकुमारी रोड, चितवन

**यहाँ सफा र स्वच्छ वातावरणमा दहीको लस्सी, काँचो नरिवल, भुँइकटहरको जुस, बेलको जुस, उखुको जुस लगायत सिजनेबल जुसहरु पाइन्छ।**

प्रो. वीरेन्द्र कुशवहा
**वीरेन्द्र जुस पसल**
भ.म.न.पा.-१०, वीरेन्द्र क्याम्पस गेटसँगै, चितवन

**बालकुमारी कलेज**
**नारायणगढमा**

+2 **Science, Hotel Management, Education, Computer, Management**

**लगायतमा भर्ना खुलेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।**

यु लिनथाओ (Yu Lintao)

# विश्व कारखाना बन्ने दौड

संसारको प्रमुख औद्योगिक उत्पादक राष्ट्र बन्ने दौडमा भारतले निकै प्रतिस्पर्धा गर्दैछ । जनसंख्यामा चीनको प्रतिद्वन्द्वी र कूल १ अर्ब २० करोडमध्ये आधी जनसंख्या २६ वर्षमुनिका रहेको हुँदा भारतमा श्रम सस्तो छ ।

अगस्ट १५ स्वतन्त्रता दिवसको भाषणमा प्रधानमन्त्री नरेन्द्र मोदीले विश्वका प्रमुख व्यापारीहरूलाई भारतमा पसल खोल्न आग्रह गरे । मोदीले भने- "संसारको जुनसुकै कुनामा सामान बेच्नू तर भारतमा उत्पादन गर्नू ।" प्रधानमन्त्री मोदी भारतलाई संसारको अर्को कारखाना बनाउन निकै आतुर देखिनुहुन्छ । चीनको विकासलाई नजिकबाट नियाल्नुभएका मोदीले उत्पादन क्षेत्रलाई प्राथमिकता दिनु स्वभाविक नै हो । यदि भारत आफ्नो महत्वाकांक्षालाई पूरा गर्न चाहन्छ भने उनले चीनको विज्ञता खोज्ने प्रयास गर्नुपर्छ र निर्माणको केन्द्र बनाउन सहयोगको बाटो पहिल्याउनुपर्छ ।


गुजरात बन्दरगाह

*'व्यापक पूर्वाधार निर्माणमा भारतसँग पुँजी र अनुभवको कमी छ । त्यसैले भारतलाई आफ्नो लक्ष्य हासिल गर्न चीनसँगको सहकार्य सहयोगी हुनेछ'- लान पेइचिङ्ग रिभ्युलाई भन्छन् । केही वर्षदेखि चीन र भारतबीचको सम्बन्धमा प्रगति भएको छ । १२ महिनाको अवधिमा पहिलोपटक दुई देशका राष्ट्र प्रमुखबीच भ्रमणको आदान-प्रदान भयो ।*

**परिवर्तनको द्विविधा**

भारतमा चीनको कुआङ्ग तोङ्ग (Guang Dong) को रूपमा चिनिने गुजरातको सफलतालाई भारतीय जनता खुबै प्रशंसा गर्छन् । गुजरात त्यही ठाउँ हो जहाँबाट मोदीले नाम कमाए । समुद्रसँग जोडिएको गुजरातमा सम्पूर्ण भारतको ५ प्रतिशत जनताको बसोबास छ भने कूल औद्योगिक उत्पादनको १६ प्रतिशत र निर्यातमा २० प्रतिशतको योगदान यही राज्यबाट हुँदै आएको छ । मोदीलाई भारी बहुमतले जिताउने भारतीय जनता नयाँ प्रधानमन्त्रीले आफ्नो प्रशासकीय अनुभवलाई सम्पूर्ण राष्ट्रको भलाईको लागि लागू गर्नेबारे आशावादी छन् ।

निर्माणमा भारतलाई फाइदा हुने हुँदा भारतीय प्रेसले विश्वव्यापी भएको थेगो 'चीनमा बनेको' लाई 'भारतमा बनेको' मा परिवर्तन गर्न आह्वान गरेको छ । चिनियाँ समकालीन अन्तर्राष्ट्रिय सम्बन्ध अध्ययन संस्थामा भारतीय अध्ययन (Indian Studies) बारे अनुसन्धानरत वाङ हाइसी भन्छन्, निर्माणको प्रमुख शक्ति बन्ने भारतको दौड स्वाभाविक छ तर चुनौती भने उत्तिकै छन् । वास्तवमा भारतमा सक्रिय उमेरको जनसंख्या ठूलो छ तर हालैका वर्षहरूमा यसको आर्थिक वृद्धि निकै सुस्त छ र बेरोजगारी दर पनि उच्च छ । "यस्तो जटिल क्षणमा मोदीको लागि रोजगार वृद्धि गर्न उत्पादन वृद्धिलाई प्रवर्द्धन गर्नु मनासिव नै छ" वाङ भन्छन् । यसको अतिरिक्त बलियो उत्पादन क्षेत्रले निर्यातलाई वृद्धि गरी व्यापार घाटालाई पुनः सन्तुलनमा ल्याउन मद्दत गर्छ । अङ्ग्रेजी बोलिने देश भएको हुँदा विशेष गरी पश्चिमेली लगानीकर्ताको लागि भारत उपयुक्त ठाउँ हो, त्यसैले उत्पादनको लागि विश्वको केन्द्र बन्ने सम्भाव्यता ठूलो छ ।

यी उपयुक्त वातावरण हुँदा हुँदै पनि पर्यवेक्षकहरू भारतमा लगानीको वातावरण अझै कम भएको मान्छन् । चिनियाँ वाणिज्य मन्त्रालयसँग सम्बन्धित चीन अन्तर्राष्ट्रिय व्यापार तथा आर्थिक साझेदारी एकेडेमीमा कार्यरत अनुसन्धानकर्ता मेइ सिनयु भन्छन्- "भारत भ्रष्टाचार र कमजोर प्रशासनिक दक्षता भएको मुलुकको रूपमा चिनिन्छ र भूमि अधिग्रहण र पुनर्वास योजना जहिले पनि समस्याको रूपमा रहेको छ ।"

सन् २००५ मा दक्षिण कोरियाली स्टिल म्यागनेट पोहाङ्ग फलाम तथा स्टिल कम्पनीले उडिसा राज्यमा वार्षिक १ करोड २० लाख टन स्टिल उत्पादन गर्ने उद्योग खोल्न भारत सरकारसँग सम्झौता गरेको थियो । कोरियाको १ अर्ब २० करोड अमेरिकी डलर लगानी हुनेवाला थियो जुन भारतमा अहिलेसम्मको सबभन्दा ठूलो प्रत्यक्ष वैदेशिक लगानी हो । यदि सो उद्योग स्थापना भएको भए संसारको तेस्रो सबभन्दा ठूलो स्टिल उद्योग हुने थियो । सम्झौता भएको ८ वर्षपछि पनि उद्योगको लागि भूमि अधिग्रहणको विवाद समाधान हुन नसक्दा कोरियाली कम्पनीले सन् २०१३ मा लगानीको योजनाबाट हात झिक्यो । मेइ भन्छन्- "यस्तो विवाद भारतमा सामान्य हो ।" यस्तो राजनीतिक जोखिम अरू मुलुकमा भन्दा भारतमा बढी देखिन्छ । भारतमा औद्योगिक लगानीमा आउने चुनौतीलाई कम आँक्नु गलत हुनेछ ।

राजनीतिक पक्षबाहेक मुलुकको कमजोर पूर्वाधार पनि उत्पादन क्षेत्रमा वैदेशिक लगानीलाई आकर्षित गर्ने क्षमतामा अर्को वाधक तत्व रहेको छ । सन् २०१२ मा भएको चर्को विद्युत अभावले पछौटे पूर्वाधारलाई दर्साउँछ । पुरानो विद्युत ग्रिड, कमजोर यातायात प्रणाली र सञ्चारजस्ता पूर्वाधारले मुलुकको छबिलाई धमिल्याएको छ । विश्व आर्थिक फोरमले प्रकाशित गरेको विश्व प्रतिस्पर्धात्मक रिपोर्ट २०१३/१४ का अनुसार आर्थिक शक्ति भएर पनि भारतको पूर्वाधार विश्व प्रतिस्पर्धामा श्रीलङ्का र इक्वेडरभन्दा पनि तल ८५ औं स्थानमा छ ।

सन् २०१४ को सुरुमा संयुक्त राष्ट्र संघको शैक्षिक, विज्ञान र संस्कृति संगठनद्वारा प्रकाशित रिपोर्टका अनुसार अहिले पनि भारतमा २८ करोड ७० लाख वयस्क जनता अशिक्षित छन्, जुन संसारको कूल अशिक्षितको ३७ प्रतिशत हुन आउँछ । विद्यालयमा ४ वर्ष पूरा गरिसकेपछि पनि अति गरिब समुदायबाट आएका ९० प्रतिशत जनता अशिक्षित नै छन् । अझ ५ देखि ६ वर्षसम्म विद्यालय गइसकेका अति गरिब परिवारबाट आएका ३० प्रतिशत बालबालिकाहरू अशिक्षित नै छन् ।

**सिक्दै र प्रगति गर्दै**

मुलुकको अपार जनशक्ति र अरू आर्थिक वाधालाई तुलनात्मक लाभमा परिवर्तन गर्न भारतले उत्पादक शक्ति महत्वपूर्ण छिमेकी मुलुक चीनसँग सिक्न र सहयोग लिन सक्छ ।

चिनियाँ अन्तर्राष्ट्रिय अध्ययन संस्थाका सहायक अनुसन्धानकर्ता लान चियनसुए भन्छन्- "भारतले परम्परागत सेवा क्षेत्रमा जोड दिइरहँदा चीन उत्पादन क्षेत्रको विकासको पथमा लम्किरहेको थियो । यसरी दुई मुलुक आ-आफ्नै तरिकाले आफूलाई बलियो बनाउँदै थिए । भारतभन्दा केही अगाडि नै चीनले सुधार र खुला नीति अँगालिसकेको थियो, जसले गर्दा तुलनात्मक रूपमा विकासको गति अलिकति छिटो भएको थियो भने उत्पादन क्षेत्रमा धेरै अनुभव बटुलिसकेको थियो ।"

लान भन्छन्- 'चीनको प्रविधि र पुँजीसहितको उत्पादन लाभ भारतको आफ्नै विकासको बाटोमा उपयुक्त हुन सक्छ ।' अनुसन्धानकर्ता वाङ हाइसी पेइचिङ्ग रिम्युलाई भन्छन्- 'चीन भारतलाई प्रचुर संभाव्यता भएको बजार र लगानीको लागि उत्तम गन्तव्यको रूपमा लिन्छ । औद्योगिकीकरणको नयाँ चरणमा प्रवेश गरिरहेको अवस्थामा अरू मुलुकमा लगानी अवसरको खोजीमा चीन लागिपरेको छ ।'

'व्यापक पूर्वाधार निर्माणमा भारतसँग पुँजी र अनुभवको कमी छ । त्यसैले भारतलाई आफ्नो लक्ष्य हासिल गर्न चीनसँगको सहकार्य सहयोगी हुनेछ'- लान पेइचिङ्ग रिभ्युलाई भन्छन् । केही वर्षदेखि चीन र भारतबीचको सम्बन्धमा प्रगति भएको छ । १२ महिनाको अवधिमा पहिलोपटक दुई देशका राष्ट्र प्रमुखबीच भ्रमणको आदान-प्रदान भयो । चिनियाँ प्रधानमन्त्री लि खछ्याङ कार्यभार सम्हालेदेखि पहिलो विदेश भ्रमण भारतबाट सुरु गरेका थिए । सन् २०१४ को ब्रिक्स शिखर सम्मेलनमा चिनियाँ राष्ट्रपति सि जिङपिङले सन् २०१४ मा पेइचिङ्गमा हुने एपेक सम्मेलनमा भारतीय प्रधानमन्त्री मोदीलाई आमन्त्रण गर्नुभएको थियो । भारतीय प्रधानमन्त्रीलाई एपेकमा आमन्त्रण गरिएको यो पहिलोपटक हो । यसैबीच राष्ट्रपति सि जिङपिङले मध्य-सेप्टेम्बरमा नयाँ दिल्ली भ्रमण गर्ने भएको छ ।

**नयाँ पहल**

चीनले प्रस्ताव गरेको 'एक क्षेत्र एक मार्ग' रणनीतिको रचनाको रूपमा चिनिने रेशममार्ग आर्थिक क्षेत्र र २१ औं शताब्दीको सामुद्रिक रेशममार्गले चीन र भारतबीच आर्थिक सम्बन्ध बढाउनको लागि मञ्चको सिर्जना गर्नेछ । भारतीय पत्रिका 'दि हिन्दु' सँगको अन्तर्वार्तामा चिनियाँ विदेश मन्त्रालयका अन्तर्राष्ट्रिय आर्थिक मामलाका पार्षद् काओ चनथिङ्ग (न्बय श्जभलतष्लन) ले भने, "चीन र भारत दुवै यस रणनीतिबाट लाभान्वित हुन सक्छन् र भारतले यसको अगुवाइमा प्रमुख भूमिका खेलून् भन्ने चीन चाहन्छ । हामी चाहन्छौँ, विशेष आर्थिक क्षेत्र तथा औद्योगिक क्षेत्रको स्थापनालाई प्राथमिकता दिँदै सामुद्रिक रेशममार्गसँगै सबै बन्दरगाहले सामुद्रिक सहयोगमा सहभागिता जनाऊन्," अन्तर्वार्तामा कावले भने ।

जुन महिनामा भारतको लागि चिनियाँ राजदूत वेइ वेइले सन्धि अवरोधविहीन एसियाली आर्थिक समुदाय बनाउन चीन, भारत र अरू क्षेत्रीय मुलुकको आर्थिक समृद्धि र अन्तरसम्बन्धलाई प्रवर्द्धन गर्दै 'हिमालयन आर्थिक वृद्धि क्षेत्र' प्रस्ताव राखेका थिए । भारतको औद्योगिकवृत्तले पनि चीनसँगको आर्थिक सहयोगलाई बलियो बनाउन उत्साह देखायो । यो वर्षको अप्रिलमा भएको एसिया बोआओ सम्मेलनमा टाटा ग्रुपका अध्यक्ष रतन टाटाले भने, 'भारतले चीनसँग आर्थिक सम्बन्ध स्थापना गर्न सक्छ र दुई मुलुकबीच ठूलो व्यापारिक सम्भाव्यता रहेको हुँदा हातेमालोबाट धेरै उद्देश्य प्राप्त गर्न सकिन्छ ।' परस्पर विश्वासलाई अझ बलियो बनाउन बढ्दो आर्थिक सहयोग अर्को बाटो हुन सक्नेमा लान विश्वास गर्छन् तर दुई देशबीचको सीमा विवादले गर्दा उल्लिखित विषयहरू कार्यान्वयन हुन त्यति सजिलो भने छैन । भर्खरै दुवै पक्ष एक-अर्काको बजारमा प्रवेश गर्न प्रतिस्पर्धात्मक उद्योगलाई प्रवर्द्धन गर्दैछन् तर अहिलेसम्म प्रक्रिया भने सजिलै गइरहेको छैन- उदाहरणका लागि तथाकथित सुरक्षा चिन्ता र भारतबाट चिनियाँ वस्तुलाई बजार छिर्न रोकावटका विषय । यी समस्यालाई समाधान गर्न नीति निर्माण तहसम्म दुई सरकारबीच घनीभूत संवादका आवश्यकता छ ।

# अमेरिकाविरुद्ध कोरियामा प्रदर्शन

**एजेन्सी**




दक्षिण कोरियाको राजधानी सोलमा सोमबार अमेरिकाले जडान गरेको एन्टी मिसाइल प्रणाली थाड (Terminal High Altitude Area Defense System) का विरुद्ध ठूलो प्रदर्शन भएको छ । दक्षिण कोरियाका राष्ट्रपति मुनजाय इन अमेरिकाको भ्रमण गर्ने भएपछि थाड बन्द गर्ने सन्देश अमेरिकालाई

... बाँकी पृष्ठ ८ मा

यहाँ कपडाका विभिन्न थरिका डिजाइनका कपडाहरु शुलभ मुल्यमा पाइन्छ ।

प्रो. दिपक पौडेल

फेवा इम्पोरियम

भ.म.न.पा.–१, पुलचोक, चितवन

# नेपालमा आणविक विकिरणको खतरा सरकार मौन

**रातो खबर संवाददाता**, काठमाडौं

छिमेकी देशहरूमा भारत र बंगलादेशका आणविक भट्टीका कारण नेपाल आणविक विकिरणको जोखिमको संघारमा धकेलिएको छ । धारतले उसको उत्तर-प्रदेशअन्तर्गत बुलन्द सहरमा आणविक भट्टी स्थापना गर्ने भएको छ । सो स्थान महेन्द्रनगरबाट जम्मा १५० किमि दुरीमा पर्दछ । त्यसैगरी काकडभिट्टाबाट २५० किमि दुरीमा बंगलादेशले पदमा नदी किनारमा आणविक भट्टी स्थापना गर्दैछ । सन् १९८९ मा सोभियत संघको चेर्नोविल आणविक भट्टी विष्फोट हुँदा नेपालसम्म विकिरण आएको भनी एसियाको पाउडर दूधसहित खाद्यपदार्थ आयात रोक्न आवाज उठेको थियो । यसअघि नेपालबाट ९५० किमि टाढा पाकिस्तानले आणविक केन्द्र निर्माण गर्दा नेपाललाई खतरा रहेको सरकारी टिप्पणी थियो । हाम्रो नाकैसामु स्थापना हुने आणविक भट्टीको फाइदा छिमेकीले लिने र सम्भावित क्षति नेपालले भोग्नुपर्ने अवस्थामा पनि सरकार लाछी बनेर मौन बसिरहेको छ । बंगलादेशको आणविक केन्द्र विष्फोट भएमा मनसुनसमेत विकिरणयुक्त भई भयावह स्थिति पैदा हुनेछ ।



# समीक्षाकलाई

*झुर पुस्तक लेख्नु कुनै अपराध त होइन नि, जसको लेखक सार्वजनिक बेइजतिको भागिदार होओस् । जो हाम्रा पुरातन पुर्खाहरूको बीचमा राखेर झाँक्री मन्छाएझैं मन्छाइयोस् । कसैले आफूलाई मन नपर्दो लेख्यो भन्दैमा त्यसलाई किन सबका सामु नंग्याउने ?*

'ब्लु एन्जल' उपन्यासलगायतका २० कृतिकी अमेरिकी लेखक फ्रान्सिन प्रोज न्युयोर्क टाइमसका बेस्टसेलर लेखक मध्ये एक हुन् । उनी पुस्तक सम्पादन गर्छिन् । 'पेन अमेरिकन सेन्टर' की पूर्व अध्यक्ष फ्रान्सिनले समीक्षा परम्परामाथि लेखेको यो टिप्पणी नेपाली समीक्षक लेखक र पाठकका लागि उपयोगी हुन सक्छ ।



म कुनै बेला नकारात्मक समीक्षा मात्र लेख्थें । तपाईं ठान्नुहोला, म त्यसबेला केटाकेटी नै थिएँ । त्यस्तो त हुँदै होइन ।

नकारात्मक समीक्षा लेखनले दानव, असुरको हाँसोझैं उत्कट आनन्द दिने गर्दथ्यो । मेरा सम्पादक मित्र पनि त्यस्ता समीक्षा खूब रुचाउँथे । अनि नयाँ पुस्तक आयो कि समीक्षाका लागि मकहाँ कुदाइहाल्थे । त्यस्ता पुस्तक वास्तवमा खासै गतिला हुँदैनथे । पढ्दा उल्टै दिमाग टन्किन्थ्यो । कसैमाथि निर्दयी हुनलाई के छ र ! व्यंग्यात्मक लेखनमार्फत् उडाए पुगिहाल्यो । म त्यसै गर्थें ।

समीक्षा छापिएको दिन साथीहरू भनिदिन्थे 'ओहो ! तिमीले त्यो फलानो सेलिब्रेटीको संस्मरण कृतिलाई कस्तो दह्रो ठोकिदिएको !'

जब म कुनै कृतिबारे प्रशंशा गरेर समीक्षा लेखिदिन्थें । उनीहरू चुँइक्क बोल्दैनथे । कस्तो बानी ! गाली गरेर समीक्षा लेख्यो भने मात्र समीक्षा गर्ने !

अनि म रोकिएँ ।

जुन पुस्तक मन पर्दैन, खुरुक्क सम्पादकलाई नै फर्काइदिन थालें । सोचें जीवन छोटो छ । यो छोटो जीवनभित्र मैले मानिसलाई त्यस्तो पुस्तक मात्र पढ्न सुझाउनुपर्छ, जो मनपर्दो होओस् । अनि अर्कोकुरा, झुर पुस्तक लेख्नु कुनै अपराध त होइन नि, जसको लेखक सार्वजनिक बेइजतिको भागिदार होओस् । जो हाम्रा पुरातन पुर्खाहरूको बीचमा राखेर झाँक्री मन्छाएझैं मन्छाइयोस् । कसैले आफूलाई मन नपर्दो लेख्यो भन्दैमा त्यसलाई किन सबका सामु नंग्याउने ?

तर नानीदेखि लागेको बानी के जान्थ्यो र ? पोहोर साल फेरि पनि मैले नकारात्मक समीक्षा लेखिहालेछु । यसरी लेखेछु, जस्तो कि ३० वर्षअघि चुरोट छाडेको मान्छेले अकस्मात बुङबुङ धुवाँ उडाउन थाल्छ । पुस्तक झर्कोलाग्दो थियो भन्दैमा मैले किन त्यसरी लेखैं हुँला !

अनि सोच्न थालें, यदि कुनै कुराले मलाई दिक्क लगायो भन्दैमा त्यसबारे प्रतिक्रिया दिइहाल्नुहुन्न । जीवन त फेरि पनि छोटो छ । छोटो जीवनलाई किन यस्ता काममा खर्च गर्ने ?

अनि प्रशंशा मात्रै गरेर समीक्षा लेख्नेको पनि दुःखद कहानी छ । पानैपिच्छे वाक्यांश दोहोरिएका हुन्छन् । पुस्तकभरि थेगोका थाक लागेका हुन्छन् । 'उसका आँखा औंसीको रातझैं काला थिए' जस्ता वाक्य दोहोऱ्याई दोहोऱ्याई लेखिएको भेटिन्छ । यति पनि गाम्भिर्य नहुनु भनेको पाठकलाई हेपेजस्तै भएन र ?

तर हाम्रा थुप्रै लेखक अझै पनि यस्तै वाक्य लेखेर बसिरहेछन् । अनि समीक्षक पनि उस्तै छन् । जो 'उसका आँखा औंसीको रातझैं काला थिए' भन्ने वाक्य नै समीक्षामा उदृत गरिदिन्छन् अनि थप्छन् 'ओहो ! यो लेखकले पानैपिच्छे कस्तो कलात्मक काव्यिक भाषा लेखेको !'

यसरी तुक न तालका कुरा लेखेर फुर्क्याइदिनु हो अर्थ के हुन्छ ? यो त सोह्रै आना झूट भएन र ? यस्तै समीक्षकका कारण अहिले प्रकाशन उद्योग समस्यामा छ ।

भनिरहनु परोइन, समीक्षा भनेको स्वयं समीक्षकको पनि दृष्टिकोण बताउने विषय हो । यो लेखक र कृतिको मात्रै कुरा होइन । कसैले औंसीको रातझैं काला आँखा वाक्यलाई गेयात्मक मिठास भएको वाक्य भनी प्रशंसा गऱ्यो भने त्यसले पक्कै पनि पुस्तकका प्रत्येक वाक्यलाई रमाई-रमाई पढेको हुनुपर्छ । त्यस्ता पनि समीक्षक हुन्छन् ।

आलोचनाको मात्रै कुरा होइन । कसैले 'यो पुस्तकले मलाइ एकदमै छोयो' भनी एकोहोरो प्रशंसा मात्रै गरिरह्यो भने पनि यो दुर्भाग्य हो । म यस्तो बेला उनीहरूको प्रतिवाद गर्ने गर्छु । कल्पना गरौं- कुनै पुस्तकलाई ब्रेकफास्टको खास आइटमसँग तुलना गरौं । कुनै निश्चित खानालाई कसैले भनिदियो कि, यो आजसम्मकै सबैभन्दा मीठो खाना हो । 'एकदम राम्ररी रंगाएको, मनै हरर हुनेगरी पकाएको' कसैले यस्तो जिकिर गर्छ भने म असहमति जनाउँछु । बरु त्यो कुनै चर्चित ब्रान्ड भए पनि बिक्रीभाउ घट्छ भने घटोस् ।

फुर्क्याएर वा गाली गरेर समीक्षा लेख्नु भनेको मेरा लागि हान्स क्रिस्चियन एन्डरसनको 'बादशाहको नयाँ लुगा' जस्तो हो । उक्त कथा कसरी टुंगिन्छ भन्ने हामीमध्ये कतिपयलाई थाहै छ । राम्रो देखिने बहानामा बादशाह नांगिएका बेलासमेत लोकले कुरा काट्न सक्दैन । यो अहिलेसम्मकै गजब लुगा हो भनी रैतीहरू चाकडी बजाउँछन् तर त्यही बेला एउटा बच्चो चिच्याउँछ, 'बादशाह त नांगै छन् ।'

वस्तुनिष्ठ मूल्यांकन नगरी केवर सकारात्मक वा नकारात्मक मात्रै हुनु र बादशाहको लुगालाई प्रशंसा गर्नुका बीचमा अनौठो समानता छ । प्रश्न इमानदारीको हो । बादशाहलाई एकोहोरो फुर्क्याउनु जसरी बेइमानी हो, कृतिको एकोहोरो आलोचना गरेर आफूलाई मात्रै जान्नेसुन्ने देखाउनु पनि बेइमानी नै हो । र, समीक्षकले बेइमानी गरे पनि 'बच्चाहरूले ढिलोछिटो सत्य त बताइहाल्छन् ।

**अनुवाद : वसन्त**

## कविता

## प्रश्न बोकेर



**सरोज न्यौपाने**


*जन्मँदै प्रश्न बोकेको म
प्रश्न बोकेर बाँचिरहेँ
प्रश्न बोकेर
घर
घर, समाज अनि देशसँग
थुप्रै आँधी चलिसके
अनि, भुँइचालोहरू
लगत्तै, युगहरू बितिसके
युग भत्किसके पनि
जन्मँदै प्रश्न बोकेको म
जबाफविहीन म
किनभने
देश बाँचेको छ कि त ?
प्रश्न बोकेर
कि त देश बोकेर
प्रश्न
हो त्यही प्रश्न
जन्मँदै प्रश्न बोकेको म
हेरौं,आँधी चल्न सक्छन्
र, भुँइचालो पनि
युगहरू, भत्कन, पुनर्जन्म हुन् ।*

*जबाफविहीन भएर के भो ?
जन्मँदै प्रश्न बोकेको म
आँधीहरू चल्न सक्छन्
र भुँइचालो
प्रश्न बोकेर बाँचिरहेँ म
कि त बाँच्ने छ मेरो देश
कि त देश बोकेर
प्रश्न
युगहरू, बन्लान् या भत्केलान् जरुर
आँधी चल्न सक्छन् ।*

*अनि भुँइचालो
जन्मँदै प्रश्न बोकेको म
प्रश्न बोकेर जन्मेको म
जारी छ प्रश्नको भरिया जीवन
जारी त प्रश्नसहित जीवन*

# गुप्त दस्तावेजहरू : पढ्नैपर्ने कृति

वर्कर्स पब्लिकेसन्सद्वारा प्रकाशित गुप्त दस्तावेजहरू (Secret Documents) कृति प्रकाशित भएको दुई वर्ष हुनै लागेको छ तर पनि धेरै नेपाली पाठकका सामु अझै पुगेको छैन । तर हरेक कम्युनिस्ट र आलोचनात्मक चेत भएका प्रवुद्ध नागरिकले पढ्नपर्ने कृति हो यो । जसले सोभियत संघ र तत्कालीन स्टालिन युगका थुप्रै रहस्यहरू रहस्योद्‌घाटन गरेको छ । विदेशीका रुसी दलाल र साम्राज्यवादले स्टालिन र समाजवादी सत्ताका विरुद्ध गरेको षड्यन्त्र अविस्वसनीय तर प्रमाणिक सामग्रीसहित प्रस्तुत गरेको छ । पुस्तकको सुरुमै भनिएको छ "बेलायतका राजा रिचार्ड तृतीयले निधनपश्चात रिचार्डका दरबारीया उत्तराधिकारीहरूको आदेशमा खलनायकहरूको पूरा डफ्‌फाले उनलाई 'नकारात्मक पात्र' का रूपमा व्याख्या गरी झुठो इतिहास स्थापित गरे । त्यस घटनासम्बन्धी शेक्सपियरको नाटक प्रासंगिक छ तर त्यो पूरै ऐतिहासिक पनि हो । सन् १९७० मा विलियम बी ब्लान्डले पहिलोपटक जोसेफ स्टालिनको सन्दर्भमा पनि यस्तै गलत प्रचार भएको औंल्याए । ब्लान्डका अनुसार समाजवादको बद्‌नाम गर्न सोभियत संघका संशोधनवादीहरूले स्टालिनको चारैतिर 'व्यक्ति पूजा' को हो हल्ला फैलाएका थिए ।





आज स्टालिनकालका गोप्य दस्तावेजहरू सार्ववजनिक भएका छन् । षड्यन्त्रकारीहरूले विदेशीको उक्साहटमा स्टालिनको हत्या गर्न चाहन्थे तर त्यसो गर्न सफल नभएपछि स्टालिनका उत्तराधिकार क. किरोभको हत्या गरेका थिए । त्यो कुराको भेद खुल्न गयो । षड्यन्त्रकारी र हत्याराहरूले विदेशी राजदूत र विदेशी कूटनीतिज्ञहरूका बीचमा अपराध स्वीकार गरेका थिए । त्यसपछि कानुनीरूपमै हत्याराहरूलाई फासीको सजाय दिइएको थियो । जुन कानुनसम्मत थियो । व्यक्तिगत रूपमा स्टालिनको हात थिएन । जसमा १५ ओटा कृतिहरू रहेका छन् । दोस्रो विश्वयुद्धमा स्टालिनको नेतृत्वमा हिटलरलाई पराजित गरियो । स्टालिन त मस्को छोडेर भाग्न चाहन्थ्यो भनेर प्रचार गरे । यथार्थमा के हो भने हिटलरका विरुद्धको लडाइँमा स्टालिनका पुत्र गिरफ्‌तार भए स्टालिनलाई हिटलरका सैन्य अधिकारीसँग छोरो साट्ने प्रस्ताव गरिएको थियो । तर स्टालिन त्यसो गर्न मञ्जुर भएनन् । स्टालिनमा अद्वीतीय समर्पणभाव र नैतिक बल थियो । 'किरोभ हत्याकाण्डबारे मलाई पूर्व जानकारी थियो' यो लेखमा हत्याराहरूले स्टालिनसम्म षड्यन्त्रको सूचना पुग्नबाट कसरी रोके भन्ने यथार्थ विवरण खुलाइएको छ । ख्रुश्चोभ मण्डली कसरी नाजी गुप्तचर विभागको हातबाट नाचेको थियो ? यसमा स्पष्ट पारेको छ । यस्ता थुप्रै प्रसङ्गहरू कृतिमा समावेश गरिएका छन् । प्राक्थनमा कृतिको औचित्यका विषयमा भनिएको छ "सोभियत संघमा समाजवाद कसरी ध्वस्त भयो भन्ने कुरा बुझ्नु जरुरी छ । को जिम्मेवार थियो ? सन् १९५३ मा सोभियत संघमा सर्वहारा र किसानहरूले अस्थायी हार किन बेहोर्नुपऱ्यो ? यी सबै प्रश्नको जवाफ खोज्नेक्रममा हामी विगत मात्र होइन बरु, गौरवपूर्ण भविष्यबारे पनि हाम्रा दृष्टिकोण बनाउन सक्छौं । यसबाट फ्रान्सिस फुकुमायाले भनेजस्तै 'इतिहास' (यहाँ फुकुयामाले साम्यवादतर्फ संकेत गरेका छन्) मरिनसकेको पुष्टि हुनेछ । त्यसैका लागि यो पुस्तक प्रकाशित भएको हो ।

आज स्टालिनकालका गोप्य दस्तावेजहरू सार्वजनिक भएका छन् । षड्यन्त्रकारीहरूले विदेशीको उक्साहटमा स्टालिनको हत्या गर्न चाहन्थे तर त्यसो गर्न सफल नभएपछि स्टालिनका उत्तराधिकार क. किरोभको हत्या गरेका थिए । त्यो कुराको भेद खुल्न गयो ।

सोभियत संघका धेरै मित्र र कमरेडहरूको सहयोगमा यो कृति प्रकाशित भएको हो । यी लेख र रचनाहरू कित कुनै दुर्लभ जर्नल (जस्तै सैनिक सङ्ग्रहालय) पढे अथवा उनीहरूले यिनलाई मूल संग्रहमा भेट्टाए त्यसपछि ध्रुवताराका संस्थापक सम्पादक माइकल लुकासले (एउटा लेख मार्क्स रिनिसको सहायतामा) कष्टपूर्ण अनुवाद गर्नुभयो । यो कृति नेपाली भाषामा प्रकाशित गरेर पाठकलाई प्रकाशकले ठूलो गुण लगाएका छन् ।

# थबाङमा जनसरकार घोषणा



काठमाडौं/असार १२, संसदीय दलहरू स्थानीय तहको निर्वाचनमा हेलिएको र थबाङको माध्यमिक विद्यालयमा भएको बुथमा चहलपहल गरिरहेको बेला त्यसको १ सय मिटर पूर्व गाउँको बीचमा नेकपाले थबाङ गाउँपालिकास्तरको जनभेला गरेर जनसरकार घोषणा गरेको छ । नेकपाका स्थायी समिति सदस्य तथा जनसरकार प्रमुख सन्तोष बुढा मगरको प्रमुख आतिथ्यमा भएको भेलाले थबाङकै चर्चित अजम्बरी जनकम्युनका प्रमुख किताब घर्ती प्रमुख, जितबहादुर रोका-उपप्रमुख, प्रवक्ता - हितप्रसाद रोका 'विप्लव' र सदस्यहरू दलबहादुर घर्ती, राजबहादुर पुन, दलित प्रतिनिधि सिर्जना मिजार, पुरन परियार, महिला प्रतिनिधि विमला झाँक्री र ४ जना सदस्य रिक्त रहेको १७ सदस्यीय थबाङ जनसरकार घोषणा गरेको छ । भेलाले जनसरकारको नीति र कार्यक्रम गाउँ अधिवेशनद्वारा छिट्टै घोषणा गर्ने जनाएको छ । १० बुँदे घोषणापत्र जारी गर्दै समापन गरिएको उक्त कार्यक्रमको अध्यक्षता किताब घर्ती, सञ्चालन जितबहादुर रोकाले गर्नुभएको थियो ।



## सडेका औषधी ...

छ । दुई साताअघि पनि डीडीएले सो कम्पनीलाई विलादी चूर्ण, अमिपत्रिकर चूर्ण, अजमोदादी चूर्ण र सितोपदाली चूर्ण फिर्ता लग्न निर्देशन दिएको थियो । पतञ्जलीका ती औषधीमा ब्याक्टोरियाको मात्रा निर्धारित मात्राभन्दा धेरै भएकाले प्राणघातक रहेका छन् । पतञ्जलीले ती सडेगलेका र अस्वस्थकर औषधी बजारबाट फिर्ता लैजान अटेर गरिरहेको छ ।

## चुनाव खारेजी ...

हितमा छ भने यसले एकदिन आफ्नो गन्तव्यमा सबैलाई लिएरै छाड्नेछ ।

जित्ने भएर चुनावमा गएको भन्ने त ' को न्यानो जस्तो मात्र हो विरोध गर्नेहरूको । जित्ने र हार्नेसँग चुनावको कुरै छोडौं, राजनीतिको कुनै तुक हुँदैन । मुख्य त विचार र नीतिको कुरा हो । काङ्ग्रेससँग सहकार्य गर्ने त भन् कतै छलफल नै नभएको विषय हो तर यहाँ हाम्रा पार्टीको धारणा भने खुल्ला छ, यदि काङ्ग्रेसभित्रबाट कोही सच्चा लोकतन्त्रवादी क्रान्तिकै विषयमा पनि सहकार्य गर्न तयार हुन्छन् भने हाम्रो नीति खुल्ला छस चुनावको विषय त सामान्य भयो तर यो विषय थवाङको चुनावसँग सम्बन्धित छैन ।

हाम्रो चाहना हो थवाङले आफ्नो क्रान्तिकारी इतिहास रक्षा गरोस्, त्यहाँको नयाँ नेतृत्वले पुरानो क्रान्तिकारी छविलाई अरू माथि उठाओस् । सिङ्गै देशको अपेक्षालाई क्रान्तिकारी तरिकाले नै पूरा गरोस् तर यो त भावना र सदिच्छाको कुरा भयो, जो आफ्ना शुभचिन्तकले जहिले पनि राख्छन् । विचार, राजनीति र क्रान्तिमा यसको खासै निर्णायक अर्थ हुँदैन । यो त सबै माओवादी क्रान्तिकारी भइदिएको भए हुन्थ्यो, रोल्पाका सबै साथीहरू क्रान्तिमै आएको भए हुन्थ्यो भनेजस्तै कुरा हो जो कुरा क्रान्तिमा सम्भव हुन पनि सक्छ, नहुन पनि सक्छ । तर, एक क्रान्तिकारी जसले आदर्शका लागि क्रान्तिको बाटो रोजेको छ, जे परे पनि भेल्दै अगाडि बढ्ने कुरा हो । त्यो त आफैंले फैसला गर्ने कुरा हो । कहिले काहीं आशा गरेको नेता, घुरानको साथी र परिवारकै सदस्य त आफूसँग रहँदैन, त्यसको पनि सामना गर्नैपर्छ । थवाङको के कुरा भयो र !

तजबदबलनथवाङमा स्वतन्त्र उम्मेदवारी परेपछि रोल्पा जिल्लाले पार्टीको निर्णय होइन् भनेर वक्तव्य निकालेको छ, थवाङको पार्टीले पनि निर्णय हो भनेको छैन् । ब्युरोले पनि बोलिसक्यो । केन्द्र अभियानमै छ तर थवाङका केही साथीहरूले दुश्मनलाई प्रहार गर्ने हतियार उपलब्ध गराइदिएकोमा भने खल्लो अनुभूति सबैलाई भएको छ । विरोधी र दुश्मनले एकछिन भएपछि खुचिङ गरेस मित्र र शुभचिन्तकहरूले चिन्ता र दुखेसो पोखेस दैशैभरीबाट जिज्ञासा र प्रश्नहरू आए । थवाङले क्रान्तिकारी पक्तिमा चिसो पानी खन्याएको जस्तो भयो तर यसमा पनि कुनै आश्चर्य मानिहाल्नुपर्ने देखिँदैन । सबै वस्तु गति र विकासमा भएजस्तै थवाङलाई पनि नयाँ सम्बन्धमा हेर्नुपर्छ । स्थानीय र राष्ट्रिय परिस्थितिहरूले प्रभावित पार्ने र त्यसको संचालन गर्दा कहिलेकाहीं अरूले सोचेभन्दा नयाँ अवस्था बन्न सक्छ । थोरै मात्र क्रान्तिको उच्च जिम्मेवारीलाई बुझ्न नसकेर स्थानीयतामा फस्न पुग्दा उल्टोपाल्टो पनि हुन सक्छ तर त्यो पार्टीको मामिला हुँदैन र पार्टी फस्ने कुरा पनि आउँदैन । राम्रोमा आदर्शीकरण र कमजोरीमा सुधार्दै एकता र आलोचनाको सम्बन्धमा जाने हुन सक्छ । कहिले काहीं नयाँ आदर्श अगाडि आउने र पुरानाहरू पछि पर्ने पनि हुन सक्छ । थवाङलाई पनि यसरी नै बुझ्नुपर्छ ।

हामीले संचालन गरेको चुनाव खारेज अभियानमा पार्टी एक मनका साथ डटेको छ । नेता र कार्यकर्ताहरू जो इमानदार छन्, दिलोज्यानले खटेका छन् । गिरफ्तार परेका छन्, यातना पाएका छन् । जेल परेका छन् तर बडो खुसी र उत्साहको कुरा कुनै पनि कमरेडमा दुविधा, शंका र अविश्वास छैन । निकै राम्रो भएको छ । यसको उचाइ कालिकोट-मालकोटका जनताले दिए । उनीहरू आधुनिक कम्युनार्ड जस्तो भएर सहिद र घाइते बन्दै जनयुद्धको आफ्नो लगानी र समर्पणलाई सचेततापूर्वक रक्षा गरे । दुश्मनलाई निःसशस्त्र जनताले पराजित गर्दै (त्यहाँ नेपाली सेनाले प्रशंसनीय प्रकारले कार्य गऱ्यो) चुनाव खारेज गरे । मुगु सवाका जनताले नयाँ इतिहास बनाए । दर्जनौं जिल्लामा पार्टीका सशक्त कारबाहीहरू भए र भइरहेका छन् । यो नै पार्टीको स्पिरिट र नीति हो । यो निरन्तर कायम हुनेछ ।

थवाङ अहिले अलमलिएको त हैन भन्ने धेरैलाई परेको छ । थवाङले क्रान्तिका लागि धेरै त्याग गरेको छ र धेरै पाएको पनि छ । हामीलाई आशा छ थवाङ फेरि पनि आफ्नो अलमललाई चिर्दै क्रान्तिकै पक्षमा उभिनेछ । जसले थवाङलाई क्रान्तिको विरुद्ध उचाल्ने कालो सपना देखेका छन्, तिनको कहिल्यै भलो हुनेछैन !

## चुनावको होइन ...

विश्लेषकहरूको अनुमान र चिन्ता रहेको छ । त्यसैगरी पहिलो चरणको चुनावमा जितिएका भनिएका प्रतिनिधिहरूको भ्रष्टाचार सुरु गरिसकेका छन् । त्यसले जनता 'जुन जोगी आए'नि कानै चिरेका' भन्ने उखानको स्मरण गराएको छ । र, संसदीय लुटेराहरूमध्ये जुन आएपनि देश र जनता लुट्ने र विदेशी दलाली गर्ने त हुन् भन्ने परेको छ । त्यसकारण जनतामा दोस्रो चरणको चुनावप्रति थप निराशा पैदा भएको अवस्था छ ।

'कहीं नभएको जात्रा हाँडी गाउँमा भनेझैं मध्य मनसुन पारेर चुनाव घोषणा गरिएको थियो । जेठ २७ गतेबाट नेपालमा मनसुन सुरु हुन्छ भन्ने थाहा हुँदाहुँदै जल तथा मौसम पूर्वानुमान शाखालाई समेत झूठो बक्न लगाएर असार १४ गते वर्षा नहुने प्रचार गर्दै चुनाव घोषणा गरिएको थियो । प्राविधक विषय र सरकारी कर्मचारीहरूलाई समेत चुनावी स्वार्थमा दुरुपयोग गरेर बदनाम गरिएको थियो । यसले सम्पूर्ण सरकारी कर्मचारीप्रति नै अविश्वास पैदा भएको छ । दल तथा मौसम पूर्वानुमान शाखाले असार १४ गते कतिपय स्थानमा भारी वर्षा हुनसक्ने अनुमान गरेको छ । घरमा लाश भएपनि पन्छाएर खेतीपातीमा लाग्नुपर्छ भन्ने समय हो किसानका लागि । 'मानो खाएर मुरी उब्जाउने' समय हो यो । सारा किसानहरू रोपाईमा व्यस्त भएका छन् । ग्रामीण भेगमा दिनभरि मान्छे घरमा होइन, खेत पाखामा हुन्छन् । रातीमात्र मान्छेहरू घ गाउँमा आइपुग्छन् । असार १४ को चुनाव जनताका लागि मानसिक दबाबको विषय समेत बन्न गएको छ । त्यसैले ग्रामीण भेगमा चुनावको भन्दा रोपाइको रौनक देखिन्छ ।

## अराजक यातायात...

ल्होत्सेले महानगरपालिकालाई ९२ लाख कर बुझाएको थियो । जापान सरकारको प्राविधिक तथा सहुलियत ऋणमा बसपार्कको निर्माण कार्य सम्पन्न भएको हो । आगामी २ वर्षभित्र ठेकेदार कम्पनी ल्होत्सेले लकरसहितको प्रतीक्षालय, स्नानगृह, निःशुल्क चर्पी, प्रतीक्षालय आदि निर्माण गर्ने, डिजिटल प्रणालीमा टिकट बिक्री गर्ने, पिउने पानीको व्यवस्था गर्ने योजना रहेको ल्होत्सेका प्रबन्धक सुलभ कार्कीले बताएका छन् । पानीका बोतल, प्याड, प्लास्टिक, कागज, फलफूलका बोक्रा आदि व्यवस्थापनमा यात्रुहरूले पनि सहयोग गर्नुपर्ने, यात्रुहरू पनि मर्यादित यात्रा र अनुशासित भए भरपर्दो र विकसित देशकै जस्तो तर सुलभ सेवा दिन आफूहरूले तयारी गरिरहेको कार्कीको दाबी छ ।

अहिले ल्होत्सेले हरेक बसका लागि ४८ घन्टा पार्किङका लागि २७५ रूपैयाँ र चुङ्गीकरवापत हरेक बससँग ७५ रूपैयाँ असुल्ने गरेको छ । महानगरपालिकाले सबै लामो तथा मध्यम दूरीका बस, माइक्रो बस, जिप, केन्द्रीय बस टर्मिनलबाटै छुट्नुपर्ने निर्णय गरेको छ तर यात्रुको सुविधाको लागि टिकट काट्न अन्यत्र पनि सक्ने व्यवस्था गरेको छ तर टिकट काटेकै स्थानमा गैर-कानुनी रूपमा यात्रु चढाउने कार्य भएको छ । जसका कारण गौशाला, माछापोखरी, कलंकी, बल्खु, कोटेश्वर, जताजतै अघोषित बसपार्क चलिरहेका छन् । विदेशी र गैर-सरकारी संस्थाले अघोषित सत्ता चलाइरहेको यो देशमा अघोषित बसपार्क चल्नुलाई ठूलो विषय बनाइएको छैन । अघोषित र गैरकानुनी बसपार्क ट्राफिक प्रहरी र महानगरको लेनदेन र साँठगाँठमै चलेका छन् । जसका कारण ट्राफिक जाम बढेको छ । यात्रुहरू ठगिएका छन् । एउटा बसको टिकट दिएर अर्कैमा चढाउने, दररेटभन्दा धेरै भाडा असुल्ने भएको छ । त्यसो हुँदा केन्द्रीय बसपार्क घाटामा जाने, महानगरपालिकाले कर नपाउने, बस व्यवसायीले थोरै पाउने, यात्रुले चर्को भाडा तिर्ने भएको छ । तर लगानी र सम्पत्तिको स्वामित्व नभएका बाहुबली दलालहरूले नाजायज फाइदा उठाएका छन् ।

बसको छतमा यात्रु चढाउन प्रतिबन्ध लगाएको ट्राफिक प्रहरीले यसै वर्षदेखि छतमा सामान बोक्न समेत यात्रुवाहक बसलाई प्रतिबन्ध लगाउने भएको छ । नयाँ आर्थिक वर्षदेखि बिलबुक नवीकरण गर्दा बाहनको छत फालेको प्रमाण पेस गर्नुपर्ने भएको छ । अघोषित बसपार्कमा जस्तै कैयौं समस्या केन्द्रीय बसपार्क गोंगबुमा पनि नभएका होइनन् । महानगरपालिकाको नेतृत्वमा लोत्से, उपभोक्ता संरक्षण मञ्चसहितको अनुगमन समिति बनाइएको भएपनि अपेक्षित सुधार भने हुन सकेको छैन । असार १६ बाट डिजिटल प्रणाली लागु गर्ने, लोत्सेको योजना नभएकोले केही सुधार हुनसक्ने देखिन्छ । महानगरपालिकाले सबै यात्रुबाहक बाहन केन्द्रीय बसपार्कबाट सञ्चालन गर्न अधिकार प्रत्यायोजन गरेको अवस्थामा त्यसको वर्खिलाप गर्ने व्यवसायीमाथि प्रहरीको सहयोगमा कारबाही गर्नुको सट्टा मौन बस्नु नै मुख्य समस्या देखिन्छ । हरियो फलकका पर्यटकका बाहनको सम्बन्धमा भने निर्णय भएको छैन । महानगरपालिकामा आएको नयाँ नेतृत्वले यो समस्या समाधान गर्न ध्यान देला त ? प्रश्न अनुत्तरित नै छ ।

## चुनावको विरुद्धमा ...

आफ्नै पसलबाट वस्यालालाई पक्राउ गरेको हो । त्यस्तै सिद्धिमान खडका र धनबहादुर कुमाललाई पनि खड्काको घरबाट पक्राउ गरेको छ ।

उता शनिबार कैलालीमा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड बास बसेको स्थान नजिकै बम विष्फोट भएको थियो । माओवादी केन्द्रकै नेता लेखराज भट्टको अत्तरियास्थित घरमा प्रचण्ड बसिरहेको बेला सोही पार्टीका गोदावरी नगरपालिकाका मेयर पदका उम्मेदवार तथा ठेकेदार गोकर्ण भट्टको घरमा बम विष्फोट भएको हो । विष्फोटको कारण भट्टको घरमा क्षति पुगेको भए पनि मानवीय क्षति नभएको कैलाली प्रहरीले बताएको छ । माओवादी केन्द्रका नेता उनै लेखराज भट्टका भाइसमेत रहेका गोकर्ण भट्ट ठेकेदारीसँगसँगै विभिन्न खालका धन्दा र तस्करीमा संलग्न रहेकोले चुनाव खारेजीको निशानामा परेको हुनसक्ने अनुमान गरिएको छ । जनयुद्धकालमा सुरक्षित हुन माओवादीबाट एमालेमा प्रवेश गरेका भट्ट त्यहाँका ठूला धनाढ्य पनि हुन् ।

स्थानीय निकायको निर्वाचनमा स्वतन्त्र रूपमा उम्मेद्वार बनेकाहरू पनि चुनाव खारेजीको निशानामा परेका छन् । आइतबार बिहान कैलालीको धनगढी उपमहानगरपालिकामा मेयर पदका स्वतन्त्र उम्मेद्वार गोपाल हमालको घरमा चुनाव खारेजी अभियानमा रहेकाहरूले कालो झन्डा गाडेको बताइएको छ । उद्योग वाणिज्य संघका केन्द्रीय सदस्यसमेत रहेका कुख्यात व्यापारी हमालले जनताका विरुद्ध प्रतिगमनकारी गतिविधि गरेकोले कार्वाहीस्वरूप घरमा कालो झन्डा गाडिएको नेकपा स्रोतले बताएको छ । आइतबार बिहान कञ्चनपुरमा एमाले उम्मेद्वार कर्ण हमालको घर लक्षित बम विष्फोट भएको छ । कृष्णनगर नगरपालिकामा एमालेको तर्फबाट मेयर पदका उम्मेद्वार बनेका हमालको ४ नं वडास्थित घर छेउमा उक्त विष्फोट भएको हो । यस्तै, शुक्लाफाँटा नगरपालिकाका उम्मेद्वारको घरमा बम फेला परेको छ । बम काङ्ग्रेसको तर्फबाट मेयर पदका उम्मेद्वार बनेका दिलबहादुर ऐरको घरमा भेटिएको हो ।

सुदूरपश्चिमको बैतडीमा आइतबार नै उम्मेद्वार हरूका घरहरूमा कालो झन्डा गाडिए । काङ्ग्रेस, एमाले र माओवादी केन्द्रका उम्मेद्वारका घरमा कालो झन्डा गाडिएका हुन् ।

पूर्व मेचीको झापामा नेपाली काङ्ग्रेसका उम्मेदवार स्थानीयको लखेटाइमा परेका छन् । पाथामारी गाउँपालिकाका मेयर पदका उम्मेद्वार कालेन्द्र राजवंशीले गाउँमा मतदातालाई पैसा बाँडिरहेको बेला स्थानीय जनताको अगुवाइमा नेकपा समर्थित युवाहरूले लखेटेका हुन् । चुनावी आचारसंहिता विपरित मतदातालाई प्रभावित पार्ने गरी पैसा बाँडेकोले लखेट्नुपरेको क्रान्तिकारी जनपरिषद् झापाले जनाएको छ ।

राप्तीको दाङमा चुनाव खारेजी अभियानमा रहेका युवा र स्थानीय जनताले तीन ठूला पार्टीका चुनाव प्रचारमा प्रयोग गरिएका गाडीहरू तोडफोड गरिएका छन् । जिल्लाको व्यापारिक केन्द्र तुलसीपुरमा काङ्ग्रेस, एमाले र माओवादी केन्द्रले प्रयोग गरेका गाडीहरूमा तोडफोड गरेका हुन् । तोडफोडको कारण तीनवटा गाडी क्षतिग्रस्त बनेका छन् । चुनाव खारेजी अभियानमा रहेका स्थानीय युवाहरूले गाडीमा तोडफोड गरेको हुन सक्ने नेकपा, दाङले जनाएको छ ।

शनिबार बाराको सिमरा उपमहानगरपालिका थापाचोकमा पूर्वमन्त्री विक्रम पाण्डेको कालिका कन्ट्रक्सनको बा १ ख ७१३४ नम्बरको ट्रिपरमा आगजनी गरिएको छ । निर्माण व्यावसायीको ठूलो रकम हिनामिना गरेकोले आगजनी गरिएको बताइएको छ । लगत्तै आइतबार पर्सा, वीरगञ्ज पावरहाउसस्थित चौधरी ग्रुपको मेघा उलन कारखाना परिसरको मोटर ग्यारेजमा गरिएको आगजनीबाट चार करोडभन्दा बढीको क्षति भएको छ ।

यस्तै मोरङको बुढीगंगा १, टङ्केसिनवारीस्थित भारतीय लगानीको कारखाना आरती इन्टरनेसनल लिमिटेडमा बम विष्फोट भएको छ भने आइतबार विराटनगरमा रहेको निर्वाचन कार्यालयमा बम विष्फोट भएको छ । विष्फोटबाट कार्यालयको भवनमा क्षति पुगेको छ । विराटनगरमै डिग्री साइन्स क्याम्पस नजिक शक्तिशाली बम विष्फोट भएको छ । कानेपोखरी गाउँपालिकाका एमालेका अध्यक्ष पदका उम्मेद्वार ताराप्रसाद काफ्लेको घरमा बम भेटिएको छ भने उर्लाबारीमा मेयरपदका खड्कप्रसाद फागुको घरमा बम फेला परेको छ । उक्त बम नेपाली सेनाको टोलीले निष्क्रिय गरेको थियो ।

### देशव्यापी गिरफ्तारी

चुनाव खारेजी अभियानको नीति लिएको नेकपा र उसका विभिन्न जनवर्गीय संगठनका कार्यकर्तालाई शान्तिसुरक्षामा बाधा पुग्ने भन्दै देशका विभिन्न ठाउँबाट पक्राउ गरिएको छ । धेरैजसोलाई आफ्नै घरमा बसिरहेको र व्यक्तिगत काममा हिँडिरहेको बेला प्रहरीले पक्राउ गरी हिरासतमा राखेको छ । यसैबीच अनेम संघ (क्रान्तिकारी)की केन्द्रीय सचिव इन्दिरा मिश्र 'रचना' लाई प्रहरीले पक्राउ गरेको छ । आइतबार मोरङबाट मिश्रसँगै नेकपाका जिल्ला सदस्य दीपक राईलाई पनि पक्राउ गरिएको छ । पक्राउको विरोधमा अनेमसंघ क्रान्तिकारीका केन्द्रीय अध्यक्ष बन्धु चन्द र महासचिव धिरेन्द्रा कुमारी उपाध्याय 'भृकुटी'ले संयुक्त विज्ञप्ति जारी गर्दै बिनाशर्त रिहाइको माग गर्नुभएको छ ।

अखिल (क्रान्तिकारी)का केन्द्रीय सचिवालय सदस्य एवम् महाकाली संयोजक विष्णुप्रसाद उपाध्यायलाई गिरफ्तार गरिएको छ । आइतबार बिहान कञ्चनपुरको शुक्लाफाँटा र दैजीको बीचमा पर्ने अर्जुनी ब्यारेकस्थित नेपाली सेनाको इन्ट्री-पोस्टले पक्राउ गरी प्रहरीलाई बुझाएको हो । व्यक्तिगत कामको सिलसिलामा मोटरसाइकलमा हिँडिरहेको अवस्थामा उपाध्यायलाई पक्राउ गरिएको अखिल (क्रान्तिकारी) ले जनाएको छ ।

झापा जनपरिषद् प्रमुख सुमनसिंह पौडेललाई प्रहरीले पक्राउ गरेको छ । पौडेललाई सोमबार बिहान जिल्लाको बिर्तामोडबाट पक्राउ गरेको हो । व्यक्तिगत काममा हिँडिरहेको बेला निर्वाचन विरोधी पोस्टर टाँसेको आरोपमा पौडेललाई प्रहरीले पक्राउ गरेको बताएको छ । यसअघि पनि नेकपाका झापा इन्चार्ज कृष्ण अधिकारी 'उमेश' लगायतहरूलाई पक्राउ गरी हिरासतमा राखेको छ ।

नेकपाका सेती ब्युरो सदस्य **विवेक कुमाल**लाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ । डोटी जिल्ला इन्चार्जसमेत रहेका कुमाललाई पार्टी काममा हिँडिरहेको बेला बीपीनगरबाट पक्राउ गरिएको नेकपा, डोटीले जनाएको छ ।

पाँचथरबाट नेकपाका ५ जना जिल्लास्तरका नेता-कार्यकर्तालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा विजय नेम्वाङ, कविराज लिम्बु, जितबहादुर लिम्बु, अमर परियार र विशाल लिम्बु रहेका छन् । उनीहरू सबैजनालाई प्रहरीले घर-घरमा पुगेर पक्राउ गरेको हो । आफ्ना नेता-कार्यकर्तालाई बिनाकारण पक्राउ गरेको भन्दै नेकपा, पाँचथरले बिनाशर्त रिहाइको माग गरेको छ ।

महाकाली ब्युरो सदस्य एवम् दार्चुला सेक्रेटरी रमेश नेपाली 'जीवन' लाई काङ्ग्रेसका ठेकेदारको सुराकीमा प्रहरीले पक्राउ गरेको नेकपाले जनाएको छ । पार्टीका महाकाली इन्चार्ज सम्झना घर्तीले एक विज्ञप्ति जारी गर्दै बैतडीमा नेपाली काङ्ग्रेसको तर्फबाट नगरपालिकाका मेयर पदका उम्मेद्वार इन्द्रबहादुर ऐरले मजदुरको ज्यालाको विषयमा कुरा गर्नु छ भनी फोन गरेर बोलाई नेपालीलाई गिरफ्तार गर्न लगाएको बताउनुभएको छ । ठेकेदार तथा निर्माण व्यवसायीसमेत रहेका ऐरले कञ्चनपुर घर भएका नेपालीलाई असार ५ गते बैतडीको सतबाँझबाट गिरफ्तार गर्न लगाएको नेकपा महाकाली ब्युरोको आरोप छ ।

भेरीको बर्दियामा नेकपाका जिल्ला सदस्य चन्द्रवीर विक र अर्का समर्थक खुमलाल गिरी पक्राउ परेका छन् । शुक्रबार बिहान आफ्नै घरमा बसिरहेको बेला प्रहरीले उनीहरूलाई पक्राउ गरेको नेकपा बर्दियाले जनाएको छ । बर्दिया सेक्रेटरी युद्धले एक विज्ञप्ति जारी गरी प्रहरीले बिना-कारण आफ्ना कार्यकर्ता पक्राउ गरेको भन्दै रिहाइको माग गर्नुभएको छ । स्मरणीय छ, यसअघि पनि बर्दिया जिल्ला इन्चार्ज देवकला अधिकारीसहितको टोलीलाई पक्राउ गरी हिरासतमा राखिएको छ ।

यस्तै, कञ्चनपुरबाट अखिल (क्रान्तिकारी)का जिल्ला स-सचिव गौरव धामीलाई प्रहरीले पक्राउ गरेको छ । धामीलाई शुक्रबार जिल्लाको भीमदत्त नगरपालिका बजारबाट पक्राउ गरिएको हो । व्यक्तिगत कामले बजारमा हिँडिरहेको बेला प्रहरीले बिनाकारण आफ्ना कार्यकर्ता पक्राउ गरेको भन्दै अखिल (क्रान्तिकारी)ले बिनाशर्त रिहाइको माग गरेको छ ।

ताप्लेजुङ जनपरिषद् प्रमुख विजय लिम्बु र फेम्बु लिम्बुलाई पक्राउ गरिएको छ । दुवैजनालाई घरमा बसिरहेको अवस्थामा पक्राउ गरेको हो । पक्राउको विषयलाई लिएर जिल्ला इन्चार्ज आशीषले विज्ञप्ति जारी गर्दै बिनाशर्त रिहाइको माग गर्नुभएको छ ।

यसैगरी मंगलबार अपरान्ह नेकपा, मकवानपुर इन्चार्ज विरबहादुर घलान 'ज्वाला' र सोमबहादुर घलानलाई प्रहरीले पक्राउ गरेको छ । यसैबीच मंगलबार अपरान्ह नारायणी ब्यूरो इन्चार्ज चिरन पुनले एक विज्ञप्ति जारी गर्दै विरबहादुर घलान ' ज्वाला' को रिहाईको माग गर्नुभएको छ । यता धनगढीबाट प्राप्त समाचारअनुसार १२ गते राती १० बजे बेवारिसे वस्तु पन्छाउन खोज्दा अचानक विष्फोट भई नेकपा कञ्चनपुरका जिल्ला नेता चन्द्रबहादुर सेन 'सनराइज' को दुःखद निधन भएको खबर प्राप्त भएको छ । सेती-महाकाली ब्युरोले उहाँको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै उहाँलाई सहिद घोषणा गरेको छ ।

# दार्जिलिङवासीको समर्थनमा काठमाडौंमा प्रदर्शन




■ रातो खबर संवाददाता/काठमाडौं

नेकपाले आज दार्जिलिङका नेपालीभाषी जनताले सञ्चालन गरिरहेको गोर्खाल्यान्ड प्राप्तीको आन्दोलनको समर्थन गरेको छ । उसले नेपाली भाषीको माग पूरा गर्नुपर्ने भन्दै गोर्खाल्यान्ड शब्द प्रयोग नै नगरी गोर्खाल्याण्डको समर्थन गरेको हो । पश्चिम बंगाल सरकारले गरेको दमनको विरोध गर्दै घुमाउरो भाषामा सुगौली सन्धि खारेज भैसकेको प्रसङ्ग पनि उठाएको छ । राजधानीको शान्ति वाटिकाबाट अपरान्ह २ बजे निस्केको जुलुश लैनचौरस्थित भारतीय दुतावासमा पुगेर दुतावास मार्फत भारतीय प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो । पार्टी स्थायी समिति सदस्य तथा विदेश विभाग प्रमुख धर्मेन्द्र बास्तोलाले दुतावास अगाडी आयोजित सभालाई सम्बोधन गर्दै दार्जिलिङवासी माथि भएको दमनको कडा शब्दमा निन्दा गर्नुभयो ।

## अखिल क्रान्तिकारी ...

तथा उपत्यका ब्युरो संयोजक रामबहादुरद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ । विद्यालय संचालकहरूले भने आफूहरूको सहमतिबिना सरकार र विद्यार्थी संगठहरूबीच सम्झौता भएको गुनासो गर्दै आइरहेका छन् । गत हप्तादेखि नै चरणवद्ध आन्दोलनमा रहेको अखिल (क्रान्तिकारी) ले माग पूरा नभए थप संघर्षको कार्यक्रम सार्वजनिक गर्ने बताएको छ ।

नियमित

# sf·]; –Pdfn]xfQL, dfs] dfpt]xf]eg]dfln s f]<



– भेषराज भुसाल

दलाल संसदीय व्यवस्थाको नौटङ्कीरूपी स्थानीय निर्वाचनमा संसदीय दलाल पार्टीका नेताहरू भन्न हुने र जानेजति व्यङ्ग्यवाण हान्दै एक अर्काको हुर्मत लिन लागिपरेका छन् । नेपालले भोगेको सीमा अतिक्रमण, बेचिएका नदीनाला, युवाहरूको विदेश पलायनजस्ता विषय कसैको भाषणमा देखिँदैनन् । यहीक्रममा नेपालको पूर्वीभेगमा भएको एक सभामा माकेका अध्यक्ष प्रचण्डले बडो गर्वका साथ घोषणा गरेछन् कि “एमाले कांग्रेस हात्ती हुन् भने माके माउते हो ।” अरूलाई व्यङ्ग्यवाण हान्दा आफ्नो धोती खुस्केको समेत पत्तो पाउँदैनन् संसदीय नेताहरू । उनीहरूको एक मात्र उद्देश्य हुन्छ कि प्रतिपक्षको क्षणिक रूपमा कसरी उछितो काढ्ने र धेरैभन्दा धेरै जनतालाई भ्रममा पारी आफूतिर आकर्षित गरी निर्वाचन जितेर सत्ताको भोगचलन गर्ने । प्रचण्डले आफूलाई माउतेको उपमा दिएर भीमकाय हात्तीलाई उठबस गराउन सक्ने हैसियतमा छु भन्न खोजेको प्रस्टै बुझ्न सकिन्छ । उपर्युक्त भनाइले एकातर्फ माकेको राजनीतिक चतुर्‍याइँ भएको र उनै संसदीय रङ्गमञ्चको प्रमुख र निर्णायक खेलाडी रहेको भनी माकेजनहरूलाई आत्मरति लिन र ताली बजाउन केही मसला त मिल्यो होला तर उनैको भनाइलाई मान्ने हो भने कांग्रेस, एमाले हात्ती हुन् र माके माउते हो भने मालिक को हो ? हात्ती कुनै मालिकको निजी सम्पत्ति होलान् भने माउते त मालिककै नोकर नै हो किनभने मालिकले माउतेको काम गर्दैन र आवश्यकता र क्षमताअनुसारको माउते राख्ने गर्छ ।

जति लुकाउन र मिलाएर भने पनि सत्य कुरा त अगाडि आइहाल्छ । ‘ढाँटेको र काटेको मासु फेरि मिल्दै मिल्दैन’ भन्ने उखान त्यसै स्थापित भएको होइन । प्रचण्डले जे बोले त्यो सत्य नै बोलेका छन् । प्रचण्डको त्यो उद्घोष मिडियामा पढेपछि करिब ४० वर्ष पहिला वनारसमा अध्ययन गर्दा क्याम्पसका साथीले सुनाएको एउटा घटना याद आयो ... क्याम्पसमा अध्ययन गर्ने अत्यन्त मिल्ने साथी थिए तर तिनी एउटा मुस्लिम थिए र अर्का हिन्दु एउटाको नाम इस्लाम खाँ थियो भने अर्को सुरेन्द्र पाण्डे । सुरेन्द्र पाण्डेको विवाह हुने भयो । विवाहमा जन्ती जानेमा आफ्नो अत्यन्त मिलनसार साथी इस्लाम खाँलाई बडो उत्सुकताका साथ जन्त जाने निम्तो दिन गए तर इस्लामले विवाहको हार्दिक शुभकामना त दिए तर जन्त जान भने त्यति उत्साह देखाएनन् । इस्लामको त्यस्तो मनसाय बुझेर सुरेन्द्र अति खिन्न भए र भने “यदि तपाईं जन्त नजाने हो भने म विहे नै गर्दिनँ” भन्ने अड्डी राख्दै नजानको कारण सोधे । इस्लामले भने कि त्यो त ठूलो केही कारण होइन । हामी पढेलेखेका शिक्षित युवाहरूले जातीय भेदभाव छुवाछुत प्रथालाई घृणा गर्दै समानताको निम्ति आन्दोलन पनि चलाइरहेका छौं तर हाम्रो समाजमा जरा गाडेर बसेको सामन्तवादी संस्कृति र चिन्तनलाई परम्पराका नाममा अझै पनि समाजबाट उन्मूलन भइसकेको



छैन ।

पूजा-आजा विवाह व्रतबन्धजस्ता हिन्दुका कार्यहरूमा त झन् बढी खोजी नीति गर्छन् । त्यहाँ म नजाऊँ भनेको मात्र हुँ । साथीको यो कुरा सुनेर सुरेन्द्र पाण्डेले भने त्यहाँ तिमीलाई कसैले चिन्दैन किन मुसलमान हूँ भन्न पर्‍यो र ब्राह्मण नै हूँ भन्नु मसँगै बसालेर खाना खुवाउने बाचा गर्छु र जन्त त जानैपर्छ । त्यसो भए जन्त त जाऊँला सँगै बसेर पान खाऊँला, ब्राह्मण हूँ पनि भनौंला तर कुन ब्राह्मण भनी सोधे भने के भनौंला ? इस्लामले प्रश्न राखेछन् । सुरेन्द्रले खुसी हुँदै भनेछन्- पाण्डे हूँ भन्नू, भइहाल्छ ।

साथी इस्लाम जन्त जाने भएपछि खुसी हुँदै सुरेन्द्र घर फर्किए । अर्को दिन सबै तयार भए । इस्लाम पनि आइपुगेर जन्ती प्रस्थान गरे । दुलहीको घरमा पुगी केही औपचारिक संस्कार पूरा भएपछि जन्तीहरूलाई भोजन खुवाउने काम सुरु भयो । सुरेन्द्रले इस्लामलाई साथमा लिए र भान्सामा पुगे र खानेक्रम सुरु भयो । खानेक्रममा इस्लामले भनेछन्- “भण्डारीजी तँ नि थोडा सुरुवा देना ।” सुरुवाको कुरा सुन्दाबित्तिकै भान्से पण्डित जंगिएछन् किनभने दाल तरकारीको झोललाई भारतीय पण्डितहरू ‘रस’ भन्दा रहेछन् । ‘सुरुवा’ भनेको मासुको झोल भन्ने अर्थ लाग्दो रहेछ । “ब्राह्मणके भान्सामे सुरुवा माग्नेवाला तुम कौन ब्राह्मण हो ? भान्सेको यस्तो डाट फटकारसहितको प्रश्न सुनेपछि इस्लामले केही अप्ठेरो मानीमानी भनेछन्- “मै पाण्डे हूँ ।” फेरि ब्राह्मणले सोधे “कौन पाण्डे हो ?” तब कुन पाण्डे भन्ने केही मेसो नपाएपछि इस्लामले अत्यन्त दुःखित हुँदै भनेछन्- हे अल्ला ! पाण्डे मे भी पाण्डे कौन पाण्डे यसरी ढाँटेको कुरा नमिल्दा विवाह अलि खल्लो भएको सबैले महसुस गरे । साथीहरूले बडो जगबसित यो घटना सुनाएका थिए । मुस्लिम भाइले पाण्डे हूँ भनेर जवाफ त दिए तर अन्ततः उनकै भनाइले उनी मुस्लिम भएको पुष्टि भयो ।

त्यसरी नै प्रचण्डले पनि राम्रै कुरा भन्छु भनेरै आफूलाई माउतेको संज्ञा दिए होलान् तर एमाले कांग्रेस विदेशी साम्राज्यवादीहरूका पाल्तु हात्ती हुन् भने माके साम्राज्यवादीको नोकर नै हो भन्ने कुरा आफैँले पुष्टि गर्न पुगे । हरेक संसद्वादी दलहरूभित्र देशभक्त, नेता-कार्यकर्ता त होलान् तर सबै पार्टीका मूल नेतृत्वमा रहेका नेताहरू कुनै न कुनै विदेशी शक्तिकेन्द्रको आडभरोसा र निर्देशनमा परिचालित छन् । यही कुरा सत्य हो । यसैलाई पुष्टि गर्दै सबैका मालिक वैदेशिक साम्राज्यवादीहरू नै हुन् भन्ने कुरा प्रचण्डले आफैं स्वीकार गरेका छन् । हात्ती त हात्ती नै भइहाले, उनीहरूको सामान्य गल्ती कमजोरीलाई खासै वास्ता गरिँदैन तर माउतेले मालिकको इच्छा विपरीत कुनै गल्ती गर्‍यो भने मालिकले नोकरीबाट मात्र निकाल्ने होइन, कोर्रा पनि लगाउँछ किनभने हात्ती भए माउते जति पनि भेटिन्छन् । त्यसैले कांग्रेस-एमालेले भन्दा पनि एककदम अघि बढेर साम्राज्यवादीहरूको हित र स्वार्थका लागि प्रचण्डले गरेका राष्ट्रघात र जनघात त्यसैका उपज हुन् । देशभक्त, क्रान्तिकारीमाथिको दमन र दलालहरूको संरक्षण गर्न प्रचण्ड नै अग्रसर रहेको कुरा जगजाहेर नै छ ।

# गिरफ्तार गर्न गएका प्रहरी माफी मागेर फर्के


■ रातो खबर संवाददाता/बुटवल

ढिलोगरी प्राप्त समाचारअनुसार शिवराज न.पा.-९, बिजौरीमा असार ११ गते नेकपाका जिल्ला नेताहरु मालबहादुर घर्ती ‘हिमाल र नन्दलाल पुरी’ लाई पक्राउ गर्न साँझ गाउँमा पुगेका प्रहरीलाई स्थानीय जनताले नियन्त्रणमा लिएर हतियार खोसेका थिए । आदिबासी थारु तथा मगर समुदायको बाहुल्य रहेको बिजौरी आसपासका जनताले प्रहरीलाई घेरेर आत्तिएका प्रहरीले माफी मागेपछि फेरि गाउँमा नआउने र आफ्नो गल्ती भएको स्वीकार गरेपछि स्थीनीयले हतियार फिर्ता दिएका छन् ।

## अमेरिका विरुद्ध ...

पठाउन त्यहाँका जनता सडकमा उत्रिएका अन्तर्राष्ट्रिय सञ्चार-माध्यमले जनाएका छन् । उत्तर कोरियाले निरन्तर आणविक परीक्षण गर्न थालेको र त्यसले जापान र दक्षिण कोरियाको सुरक्षा गर्न अमेरिकाले दक्षिण कोरियामा थाड जडान गरेको थियो तर दक्षिण कोरियाली जनता अमेरिकाले आफ्नो देशमा अशान्ति फैलाउन थाड जडान गरिएको र त्यसले क्षेत्रीय तनाव बढ्ने भन्दै विरोध गर्दै आएका छन् । सोमबार सोलमा गरिएको प्रदर्शनमा हजारौं जनता सभागी भएका थिए । अमेरिकी थाडको जडानले गर्दा त्यसको असर समग्र क्षेत्र नै प्रभावित हुने सङ्केत देखिएको छ । त्यस्तै उत्तर कोरियाको राजधानी प्योङ्याङमा पनि थाडको विरुद्ध प्रदर्शन भएको छ । दक्षिण कोरियाली जनताले अमेरिकाको एन्टी मिसाइल प्रणालीले सन् १९५० देखि १९५३ सम्मको युद्धको स्थितिमा पुर्‍याउन खोजेको भन्दै विरोध प्रदर्शन गरेका हुन् ।




निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, प्रवन्ध सम्पादक : **चिन्तामणि घिमिरे**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, Email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं